प्रभाव दैनिक
National Daily
इ-पेपरका लागि
वर्ष १३ | अंक १३६ | काठमाडौं | आइतबार, २१ भदौ २०८३ | Prabhab National Daily | Sunday, 06 September 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-

बाढीको ११औं दिन दुई जनाको उद्धार

# परिवारले काजकिरिया गर्दागर्दै चण्डिकाको जीवितै उद्धार




**माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाबाट शनिबार एक चिनियाँ नागरिक (बायाँ) र नुवाकोटको बेत्रावतीस्थित बाढीले पुरिएको घरबाट चण्डिका श्रेष्ठको उद्धार गर्दै उद्धार टोली ।** *तस्बिर सौजन्यः नेपाली सेना/सशस्त्र प्रहरी*

- माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको सुरूङबाट एक चिनियाँ नागरिकको उद्धार
- नुवाकोटको विदुर नगरपालिका-१० बेत्रावतीस्थित बाढीले पुरिएको घरभित्रबाट चण्डिका श्रेष्ठको उद्धार
- बाढीले घरसँगै बगाएका चण्डिका र उनको श्रीमान् आनन्दलालको खोजी गर्दा पनि नभेटिएपछि छोराहरू काजकिरियामा बसेका थिए

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीको ११औं दिन शनिबार दुई जनाको जीवितै उद्धार भएको छ । माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको सुरुङबाट एक चिनियाँ नागरिक र नुवाकोटको विदुर नगरपालिका-१० बेत्रावतीस्थित बाढीले बगाएको घरभित्रबाट एक महिलाको उद्धार गरिएको हो ।

नेपाली सेना र कोरियाको 'डिजास्टर' टोलीले शनिबार दिउँसो माथिल्लो त्रिशूली-१ आयोजनाको अडिट-४ टनेलबाट चिनियाँ नागरिकको उद्धार गरेको नेपाली सेनाले जानकारी दिएको छ । उनलाई हेलिकप्टरमार्फत त्रिशूलीस्थित सेनाको ब्यारेकमा ल्याएर प्राथमिक उपचार गरी काठमाडौं ल्याइएको थियो । उनको हाल छाउनीस्थित सैनिक अस्पतालमा उपचार भइरहेको छ ।

बाढीले पुरेको घरभित्रबाट 'बचाऊ-बचाऊ' भनेपछि...

भोटेकोशी नदीमा आएको बाढीले नुवाकोटको...

क्रमशः पृष्ठ २ मा

ग्राउण्ड जिरो

# बस्ती खण्डहर, मान्छे 'होल्डिङ सेन्टर' र गुम्बामा

- रसुवाको स्याफ्रुबेँसी, टिमुरे, रसुवागढी, मैलुङलगायत बस्ती बाढीले खण्डहर
- भूकम्पपीडित बसेको बस्ती खाल्टेलाई भोटेकोशीले सर्लक्कै बगायो
- बाढीग्रस्त क्षेत्रमा राहत पुगेको छ तर राहत थाप्ने मान्छे नै भेटिदैनन्
- नुवाकोटको बेत्रावती, त्रिशूली बजार बाढीले खण्डहर
- बाढीप्रभावित क्षेत्रमा दुगर्न्ध र महामारीको त्रास



**■ जेबी योञ्जन**

**रसुवा–** भोटेकोशी-त्रिशूलीको भीषण बाढीपछि नदी तटीय बस्तीहरू मानवविहीन बनेका छन् । १० भदौको बिहान ९ बजेसम्म गुल्जार रहेका बस्तीहरू अहिले पूरै खण्डहर बनेका छन् ।

बस्तीहरूमा गेग्रानको थुप्रो छ । घरहरू ध्वस्त छन् । मानिसहरू बाढीसँगै बगेर गए । बगेकाहरू धेरैको अत्तोपत्तो छैन ।

रसुवाको सानोभार्कुका कार्साङ तामाङले स्याफ्रुबेँसीतिर देखाउँदै भने, 'त्यहाँ वारी-पारि गरेर करिब ३०० घर थियो । अहिले त दुईवटा जतिमात्रै देखिन्छ । सबै बगर भयो ।'

भोटेकोशी नदीको जल सतहदेखि करिब १०० मिटर माथि स्याफ्रुबेँसी बस्ती थियो । गोसाइँकुण्डदेखि मानसरोवरसम्म जाने कतिपय तीर्थयात्रीहरू यहाँ बस्थे । होटल, पसल र मानिसहरूको चहलपहलले भरिएको बजार थियो ।

तर, बिहीबार धुञ्चेको फेदीबाट हेर्दा स्याफ्रुबेँसी बजार थियो भन्ने संकेत गर्ने दुई-तीनवटा संरचनामात्रै देखिए । त्यहाँ जान सकिने अवस्था छैन । कारण, नदीमा पुल छैन । तुइन जडान गरिएको छैन ।

क्रमशः पृष्ठ २ मा

## भूकम्पपीडितको दोस्रो बस्ती पनि बग्यो

तटीय अर्को बस्ती खाल्टेलाई भोटेकोशीले सर्लक्कै बगायो । यहाँ २०७२ वैशाख १२ गते गएको भूकम्पका पीडितहरू बसेको बजार थियो ।

सुरुमा रसुवाकै नौबिसे बसेका उनीहरू त्यहाँ सरकारले बहाल उठाउन थालेपछि सडक सञ्जालकोसमेत सुविधा भएको खाल्टेमा गएका थिए । भूकम्पले विस्थापित भएपछि उनीहरूले त्यहाँ नयाँ जीवन सुरु गरेका थिए ।

तर, जहाँ नयाँ जीवन सुरु गरिएको थियो, त्यही ठाउँमा अधिकांशको जीवन अन्त्य भयो । अर्थात् खाल्टे पनि मृत्युस्थल नै भयो । खाल्टेमा धन्नले बाँचेकी कुमारी तामाङ अहिले एक्लिएकी छन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# साउदीका हरित ऊर्जा परियोजनामा शोषणमा परेका नेपालीले पाएनन् क्षतिपूर्ति

- नेपाली श्रमिकमाथि भएका गम्भीर श्रम तथा मानवअधिकार उल्लंघनको तथ्य सार्वजनिक भएको आठ महिना बितिसक्दा पनि प्रभावित श्रमिकले न्याय नपाएका बिएचआरसीको प्रतिवेदनमा उल्लेख
- क्षतिपूर्ति नपाउँदा श्रमिक थप आर्थिक संकटमा
- गन्तव्य मुलुकमा पुगेपछि श्रमिकमाथि हुने शोषणको जिम्मेवारी रोजगारदाता वा गन्तव्य मुलुकमा सीमित नराखी स्रोत मुलुकदेखि नै उत्तरदायित्व सुनिश्चित गर्नुपर्ने प्रतिवेदनको सुझाव



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** साउदी अरबका हरित ऊर्जा परियोजनामा कार्यरत नेपाली श्रमिकले पारिश्रमिक तथा क्षतिपूर्ति नपाएको पाइएको छ । 'बिजनेस एण्ड ह्युमन राइट्स रिसोर्स सेन्टर' (बिएचआरसी)को अनुसन्धानका अनुसार साउदीका विशाल सौर्य तथा हरित हाइड्रोजन परियोजनामा कार्यरत नेपालीहरूले श्रम शोषण, भर्ती शुल्क असुली र पारिश्रमिक भुक्तानी तथा क्षतिपूर्ति अझै नपाएका हुन् ।

बिएचआरसीले हालै सार्वजनिक गरेको प्रतिवेदनअनुसार सन् २०२५ मा श्रमिकमाथि भएका गम्भीर श्रम तथा मानवअधिकार उल्लंघनको तथ्य सार्वजनिक भएको आठ महिना बितिसक्दा पनि प्रभावित श्रमिकले न्याय नपाएका हुन् । अनुसन्धानका क्रममा मार्चदेखि जुलाई २०२६ सम्म २६ जना श्रमिकसँग पुनः अन्तर्वार्ता गरिएको जनाइएको छ । तीमध्ये २४ जना नेपाली र दुई जना बंगलादेशी छन् । उनीहरू साउदीका नौ वटा सौर्य तथा हरित हाइड्रोजन परियोजनामा कार्यरत र काम गरिसकेका श्रमिक हुन् ।

प्रतिवेदनमा उल्लेख भएअनुसार सन् २०२५ मा गरिएको अनुसन्धानमा ३४ जना नेपाली र बंगलादेशी श्रमिकमाथि गम्भीर श्रम अधिकार उल्लंघन भएको थियो । अन्तर्वार्तामा सहभागीमध्ये ५३ प्रतिशतले अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले पहिचान गरेका जबर्जस्ती श्रमका पाँच वा सोभन्दा बढी सूचक अनुभव गरेका थिए । श्रमिकहरूले अत्यधिक भर्ती शुल्क तिरेको, पारिश्रमिक नपाएको तथा अत्यधिक गर्मीमा काम गर्नुपरेको जस्ता समस्या राखेका थिए ।

पछिल्लो अनुसन्धानमा २६ जना श्रमिकमध्ये कसैलाई पनि उनीहरूले भोगेको शोषणबारे रोजगारदाता वा अन्य सम्बन्धित निकायले सम्पर्क नगरेको पाइएको छ । पुनः अन्तर्वार्तामा कुनै श्रमिकलाई क्षतिपूर्ति वा अन्य उपचार प्रस्ताव नगरेको बताएका छन् । एउटै कम्पनीमा कार्यरत १७ जनामध्ये १४ जनाले कार्यस्थलको अवस्था पहिलेजस्तै रहेको बताएको प्रतिवेदनमा भनिएको छ ।

क्षतिपूर्ति नपाउँदा श्रमिक थप आर्थिक संकटमा परेको जनाइएको छ । अनुसन्धानका क्रममा २६ जनामध्ये सात जनाले सन् २०२५ पछि पनि नयाँ प्रकारका शोषण भोगेको बताएको भनिएको छ । जसमा पारिश्रमिक नदिने, राहदानी नियन्त्रणमा राख्ने तथा यात्राको स्वतन्त्रतामा प्रतिबन्ध लगाएको आदि छन् । चार जनाले ऋण तिर्न कठिनाइ भएको बताएका छन् ।

क्रमशः पृष्ठ २ मा

'पीडामा साथ दिनु नै मानवता हो'

आउनुहोस्, भोटेकोशी बाढीप्रभावितको राहत र पुनःस्थापनाका लागि सक्दो सहयोग गरौं !

| प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष | |
|---|---|
| बैंकको नाम | बैंक खाता नम्बर |
| हिमालयन बैंक लिमिटेड ($ डलर खाता) | 01905631210046 |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. | 01013243801<br>02013243801 |
| राष्ट्रिय वाणिज्य बैंक | 1130100003762001<br>1130100000006006 |
| एभरेस्ट बैंक लिमिटेड | 00100105200270<br>00101102200012 |
| नेपाल बैंक लिमिटेड | 00211600510039000003<br>00200100510039000001 |
| ग्लोबल आइएमई बैंक लि. | 00401010000057<br>00411010000005 |
| नबिल बैंक | 1710017505285 |
| कृषि विकास बैंक लि. | 0100201002907014 |
| प्रधानमन्त्री राहत कोष | |
| राष्ट्रिय वाणिज्य कोष | 1430100000025006<br>1430100001164001 |

विपद्मा राज्यसँगै हामी

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि.



सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निःसन्तानपन सम्बन्धी उपचार
HARDIK IVF and Fertility Center
Where Miracles Come to Life
हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

पृष्ठ १ बाट क्रमशः

## बस्ती खण्डहर...

चिलिमे जलविद्युत् आयोजनाबाट करिब ५० मिटर परको यो तटीय बस्ती अहिले नदीपारि एक्लिएको छ ।

जिल्लाकै टिमुरे, रसुवागढी र मैलुङका बस्ती पनि बगर बनेका छन् । अहिले ती ठाउँमा जाने भनेकै हवाई माध्यमबाट हो । स्थलमार्गबाट पुग्न सकिने अवस्था छैन । रसुवाको नौकुण्ड-५ का सुवास मोक्तानले माइला भाइ रसुवागढी क्षेत्रमा बाढीमा परी बेपत्ता भएपछि खोजीका लागि हेलिकप्टर नै प्रयोग गरे । उनले भोटेकोशी र त्रिशूली नदीको तिरैतिर शव खोजे । भाइ नभेटिएपछि खोजीको आशा पनि क्रमशः हराउँदै गएको छ ।

शुक्रबार बेत्रावतीदेखि केही माथि भेटिएका मोक्तानले प्रभावसँग भने, 'टिमुरे, रसुवागढी, मैलुङदेखि केरुङसम्म जमिनबाट जान असम्भव छ । सबै बजार बगरैबगर बनेको छ र पुल नहुँदा ती ठाउँहरूसँगको सम्बन्ध टुटेको छ ।' बाढीले घरमात्रै बगाएको छैन । सडक, पुल र बस्तीबीचको सम्बन्ध पनि बगाएको छ । नेपाल-तिब्बत युद्धपछि दुई देशबीच सन्धि भएको इतिहासमा छ, जसलाई बेत्रावती सन्धि भनेर चिनिन्छ । यो थापाथली सन्धिभन्दा अघिको सन्धि हो ।

त्यसैले बेत्रावती नदी र त्यस आसपासको बगरमा स्थापित बजारको आफ्नै ऐतिहासिक महत्त्व थियो । तर, यतिबेला त्यो बजार पनि मानवविहीन छ ।

उत्तरगया मिनीमार्टबाट २४ जनाको शव फेला परेको चौथो दिन बेत्रावतीदेखि नै चण्डिका श्रेष्ठको सकुशल उद्धार भयो । त्यसले त्यहाँ अझै जीवन बाँकी रहेको आशा जगायो । तर, शुक्रबार बिहान त्यहाँ पुग्दा बस्ती भने उजाड थियो । कयौं विद्यार्थी बगाएको भनिएका बसहरू बेत्रावती नदीको एक कुनामा देखिन्थे । बस्तीका घरहरू भूत बंगालाजस्ता देखिन्थे ।

केही घरमा पकाउनका लागि भिजाएर राखिएको दाल उम्रिन थालेको थियो । कहीँ कतै मानिसहरू बोलेको सुनिँदैनथ्यो । बाढी आउनुअघि त्यहाँ मानिसहरू सामान्य जीवनमा थिए भन्ने प्रमाण ती भिजेका दाल र घरभित्र छाडिएका सामग्रीले दिइरहेका थिए । तर, मानिसहरू कहाँ गए भन्ने जवाफ दिन कोही थिएन ।

राहत वितरणका लागि गएका सत्तारुढ राष्ट्रिय स्वतन्त्र पाटी (रास्वपा)का नेता हेमराज थापाका अनुसार बेत्रावतीमा राहत थाप्ने एक जना पनि भेटिएनन् । गाडीगाडीमा राहत लिएर पुगेका उनले भने, 'निकै कम बचेको सुनियो । उनीहरू पनि काठमाडौंको पहेँलो गुम्बातिर लगेको बुझियो र केही आफन्तको घरतिर गएका रहेछन् ।' बाढीग्रस्त क्षेत्रमा राहत पुगेको छ । तर, राहत थाप्ने मानिस छैनन् ।

### उद्धारभन्दा 'निरीक्षण' प्राथमिकतामा ?

जिल्लास्तरमा संघीय सरकारको मुख्य प्रशासनिक अधिकारी हुन्- प्रमुख जिल्ला अधिकारी । जिल्लामा विपद् पछिको उद्धार, राहत र पुनःस्थापनामा पनि प्रमुख जिल्ला अधिकारी संयोजनकारी भूमिकामा हुन्छन् । जिल्लास्थित सबै राजनीतिक दल, नागरिक समाज, सरकारी अड्डा र सुरक्षा निकायलाई समन्वयमा ल्याउने जिम्मेवारी पनि उनकै हुन्छ ।

तर, रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारको भूमिकामाथि स्थानीयले प्रश्न उठाएका छन् । स्थानीयको आरोप छ- प्रमुख जिल्ला अधिकारीले प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्यदेखि स्थानीय सरकारसँग आवश्यक समन्वय गर्नुपर्नेमा सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का जिल्ला सभापति वसन्त भट्टसँग बढी नजिक रहेर काम गरे ।

रसुवाका स्थानीय युवा बुद्धिजीवी विशाल घले थप्छन्, 'हामीले सिडिओलाई यस्तो देख्न चाहेका थिएनौं । तर, उहाँ जसरी सत्तारुढ दलका जिल्ला सभापतिले जे भन्छन्, त्यही मान्ने, अरूको केही नसुन्ने, त्यस्तै परे फोन नै नउठाउने देखिए । यो विपत्तिमा उहाँको भूमिकालाई हामी सन्तुष्ट छैनौं ।'

स्थानीयको दाबीअनुसार भट्टकै निर्देशनमा चल्ने प्रमुख जिल्ला अधिकारी परियार १० भदौमा भोटेकोशी बाढीको निरीक्षण गर्न हेलिकप्टरमा उडे । त्यतिबेला भोटेकोशीको दलदलमा आधा शरीर फसेका र धन्नले जीवन जोगाएका नागरिकहरू उद्धारका लागि गुहार मागिरहेका थिए । घलेले भने, 'यदि सिडिओ सा'ब बाढीको निरीक्षण होइन, उद्धारका लागि गएको भए टिमुरे, मैलुङ, रसुवागढी, स्याफ्रुबेँसीलगायत स्थानका विभिन्न नदी तटीय क्षेत्रमा अभर परेका नागरिकहरू झण्डै ३०० जति बाँच्न सक्थे ।' प्रजिअ परियारमात्रै होइन, अर्को हेलिकप्टरमा निरीक्षणकै लागि भनेर जिल्लास्थित नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रहरी नायव उपरीक्षक (डिएसपी)द्वय पनि उडेका थिए ।

तर, स्थानीयको गुनासो एउटै छ कि उनीहरूको प्राथमिकता बाढीमा फसेका नागरिकको उद्धारभन्दा निरीक्षणमा केन्द्रित भयो । जबकि, बाढीमा फसेका मानिसका आफन्तहरू धन्नले बाँचेका नागरिकको शीघ्र उद्धार गरियोस् भनेर याचना गरिरहेका थिए । तर, स्थानीयका अनुसार त्यसो हुन सकेन । उद्धार ११ भदौदेखि सुरु भयो । यद्यपि, उद्धार कार्य प्रभावकारी नभएको भन्दै सरकारको सर्वत्र आलोचना भयो ।

### 'इमेज ड्यामेज' रोक्न युट्युबर ?

उद्धारमा ढिलाइ भएको आलोचना भइरहेका बेला सरकारले आफ्नो छवि बचाउन प्रचारलाई प्राथमिकता दिएको आरोप पनि स्थानीयले लगाएका छन् । पूर्वमन्त्रीसमेत रहेका रास्वपाका सांसद बब्लु गुप्ताले वालेन्द्र सरकारको 'इमेज डयामेज' नहोस् र भोटेकोशी बाढीबाट सर्वाधिक प्रभावित रसुवामा उद्धार र राहतको कार्य प्रभावकारी छ भन्ने देखाउन १२ जना युटचुबरलाई रसुवामा उतारेको स्थानीयको आरोप छ ।

उनीहरू तीन पटकमा चार जनाका दरले हेलिकप्टरबाट रसुवामा ओर्लिएका हुन् । बाढीमा आफन्तहरू गुमाएका कार्साङ तामाङले भने, 'यहाँ सरकारी समर्थित युटचुबरहरूले उद्धार र राहत एकदमै प्रभावकारी भएको भनेर जसरी सरकारको जयजयकार गरिएको छ, धरातलीय यथार्थ बुझ्न जो कोहीले सक्छन् । आएर हेरे हुन्छ, बुझेर गए हुन्छ । स्थिति के छ ।'

### राहत आयो तर गायब

उद्धारमा ढिलाइ भएको आरोपमात्रै होइन, राहत गायब पारेको घटना पनि सार्वजनिक भएको छ । स्रोतका अनुसार बाढीप्रभावित नागरिकका लागि भनेर ५० वटा एलपी ग्यास सिलिण्डर रसुवामा आएको थियो । ती, राहतस्वरूप आएका सिलिण्डर थिए ।

तर, ती कहाँ गए भन्ने विषयमा प्रश्न उठेको छ । स्रोत किटानका साथ भन्छ, 'नेपाली सेनाले ३० वटा सिलिण्डर राख्यो । नेपाल प्रहरी र सशस्त्र प्रहरीले सात-सात वटाका दरले लिए । छ वटा कसले लिए भन्ने थाहा भएन ।' यतिमात्रै होइन, भोटेकोशी बाढीले विभिन्न विद्युत् परियोजनाहरू बगाएपछि ४०० वटा सोलार प्यानल र २०० वटा पावर बैंक पनि राहतस्वरूप हेलिकप्टरबाट जिल्लामा ल्याइएको थियो । तर, ती सबै रास्वपाका कार्यकर्ताहरूलाई बाँडिएको स्रोतको दाबी छ ।

यी आरोपबारे प्रमुख जिल्ला अधिकारी परियारले भने आरोप अस्वीकार गरेका छन् । तर, राहत सामग्रीको व्यवस्थापन र वितरणमाथि प्रश्न उठेपछि त्यसको स्पष्ट विवरण सार्वजनिक हुनुपर्ने स्थानीयको माग छ ।

### राहत प्रभावित क्षेत्रमा, पीडित काठमाडौंमा

भनिन्छ, भोटेकोशी र त्रिशूलीको विनाशकारी बाढीपछि नदी तटीय बस्तीमा धन्नले बाँचेकाहरू एकतिहाइ पनि छैनन् । उनीहरूमध्ये धेरै काठमाडौंको पहेँलो गुम्बामा आइपुगेका छन् । कोही स्वयम्भूमा छन् । कोही गाउँमा आफन्तको शरणमा पुगेका छन् । केही नुवाकोट सदरमुकाम बट्टारस्थित तामाङ प्लाजामा छन् । केही स्कुल, सामुदायिक भवन र कबर्ड हलमा बसिरहेका छन् । तर विभिन्न व्यक्ति तथा संघसंस्थाले गाडीका गाडी राहत बाढी प्रभावित क्षेत्रमा लगिरहेका छन् । जहाँ प्रभावितहरू नै छैनन् । क्षणभरमै आएको अकल्पनीय विनाशकारी बाढीले नदी किनारका बस्तीहरूको नामोनिशाना राखेन ।

त्यसो हुँदा रसुवाको स्याफ्रुबेँसी, रसुवागढी, टिमुरे, खाल्टेदेखि बेत्रावती हुँदै नुवाकोटको सिम्बुटारमात्रै होइन, त्रिशूली, ढुंगेबजारदेखि देवीघाटसम्मका बस्ती खण्डहर बनेका छन् । तर, राहतको प्राथमिकतामा पर्ने धेरै प्रभावित अहिले ती क्षेत्रमा छैनन् । उनीहरू सुरक्षित स्थान र आफन्तको शरणमा पुगेका छन् । जबकि, राहत प्रभावित क्षेत्रमा लगिएको छ । जुन व्यावहारिक देखिँदैन ।

### दुर्गन्ध र महामारीको त्रास

१३ भदौमा ढुंगेबजारदेखि देवीघाटसम्म पुग्दा ती क्षेत्र दुर्गन्धित थियो । मानव र पशुका शवका क्षतविक्षत अंगले नदी किनारमा दुर्गन्ध फैलिएको थियो ।

प्रमुख विपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बे स्थलगत निरीक्षणका क्रममा त्यहाँ पुगेका बेला दुर्गन्ध फैलिएको थाहा पाएपछि देवीघाटको सिरानमा रहेको प्रहरी पोस्टका प्रहरीलाई तत्काल त्यहाँ नबस्न सुझाव दिएका थिए । नभन्दै केहीबेरमै प्रहरीले पोस्ट खाली गरेर बट्टारतिर लागे ।

तर, दुई दिनपछि अर्थात् १४ भदौमा ती क्षेत्रमा पुग्दा दुर्गन्ध कम भएको पाइयो । कारण, त्रिशूली, सिम्बुटारदेखि ढुंगेबजार हुँदै देवीघाट क्षेत्रमा स्यानिटाइज गरिएको रहेछ । महामारी फैलिन सक्ने चेतावनी जनस्वास्थ्यविद्हरूले दिइरहेका बेला गरिएको स्यानिटाइजले दुर्गन्ध कम भएको थियो । काभ्रेको बनेपाबाट गएको स्वयंसेवकहरूको एक टोली बाढीपछिका केही दिन उद्धार कार्यमा खटिएपछि नदी तटमा स्यानिटाइज गर्न थालेको पाइएको हो ।

स्वयंसेवी गोविन्द बुढाथोकीले भने, 'महामारी फैलिन सक्ने जोखिम बढेपछि चिकित्सकहरूसँगको परामर्शमा हामीले विभिन्न केमिकल मिसाएर स्यानिटाइज गरिरहेका गर्छौं ।'

■■■

## भूकम्पपीडितको दोस्रो...

उनी भन्छिन्, 'हेर्दाहेर्दै मेरा सबै साथीहरू बगायो । जे पाक्छ घरमा हामी बाँडिचुँडी खान्थ्यौं । अहिले म एक्लै छु । खाल्टेमा त भोटेकोशी बग्दै छ ।'

उनको भनाइले खाल्टेको अहिलेको अवस्था चित्रण गर्छ । हुन पनि जहाँ घरहरू थिए, त्यहाँ नदी बगिरहेको छ । जहाँ मानिसहरू सँगै बस्थे, त्यहाँ अहिले बाढीको पानी र गेग्रानको थुप्रो छ । रामचे, ठाडे, सिम्बुटार, त्रिशूली, ढुंगेबजार, देवीघाट हुँदै गल्छीसम्मका नदी किनारका बस्तीहरूको अवस्था पनि फरक छैन । नदीले आफ्नो बाटोमा परेका बस्तीहरू सखाप पारेको छ ।

■■■

## परिवारले काजकिरिया...

विदुर नगरपालिका-१० बेत्रावती बजारका अधिकांश घर पुर्‍यो । कतिपय बाढीमा बगे भने कति घरभित्रै पुरिएको अवस्थामा मृत फेला परे । तर, खोज तथा उद्धारमा खटिएका सुरक्षा फौजको संयुक्त टोलीले विनाशकारी बाढीमा पुरिएको एउटा घरबाट ११औं दिनमा एक महिलाको जीवितै उद्धार गर्‍यो । टोलीले बेत्रावतीका आनन्दलाल श्रेष्ठकी श्रीमती ६४ वर्षीया चण्डिका श्रेष्ठको शनिबार अपराह्न जीवितै उद्धार गरेको हो ।

प्रहरी निरीक्षक महेन्द्र दर्नालको कमाण्डमा खटिएको प्रहरीले बेत्रावतीस्थित नदीको बगर तथा क्षतिग्रस्त संरचनामा आवश्यक खोजी जारी राखेको थियो । सोही क्रममा आनन्दलालको चारतले घरको छतमा पुगेपछि भित्रबाट आवाज आएको सुनिएको प्रहरी निरीक्षक दर्नालले बताए ।

पर्खालमा सानो प्वाल बनाएर खोजी गर्दा भित्रबाट 'बचाऊ-बचाऊ' भन्ने आवाज सुनिएको थियो । 'त्यसपछि पर्खाल फुटाएर उहाँको उद्धार गर्न सफल भएका हौं,' प्रहरी निरीक्षक दर्नालले भने ।

उद्धार गरिएकी चण्डिकालाई नेपाली सेनाको हेलिकप्टरमार्फत काठमाडौं ल्याएर छाउनीस्थित सैनिक अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो । पछि घुँडाको अप्रेसनका लागि उनलाई महाराजगञ्जस्थित शिक्षण अस्पतालमा ल्याइएको अस्पताल प्रशासनले जानकारी दिएको छ । उनको अप्रेसनपश्चात् सोही अस्पतालमा उपचार भइरहेको जनाइएको छ ।

### कुशको शव जलाएर काजकिरियामा गर्दै थियो परिवार

भदौ १० को बाढीले चण्डिकाको चारतले घर बगाएर त्रिशूली किनारमा पुर्‍याएको थियो । बाढीपछि चण्डिका र उनको श्रीमान् आनन्दलाल सम्पर्कविहीन भए । परिवारले उनीहरूको खोजतलास गर्दा पनि भेटिएनन् । आठ दिनसम्म पनि नभेटेपछि जीवित भेटिने आशा मारेर काजकिरियाको प्रक्रिया अगाडि बढाइएको चण्डिकाका सम्धी रमेशमान श्रेष्ठले बताए । उनका दुई छोरा आशिष र अनिशले बिहीबार कुशको शव बनाएर काठमाडौंमा आमा-बुवा दुवैको दाहसंस्कार गरे । बिहीबारदेखि नै उनीहरू काजकिरियामा बसेका थिए ।

तर, शनिबार एक्कासि बेत्रावतीमा एक महिलाको जीवितै उद्धार भएको खबर फैलियो । ती महिला उनै चण्डिका थिइन् । चण्डिका जीवितै भेटिएपछि काजकिरिया विधिपूर्वक फुकुवा गरिएको सम्धी रमेशमानले बताए । १० दिनपछि चण्डिकाको सकुशल उद्धार भएसँगै परिवारमा खुसी छाएको छ । तर, उनका श्रीमान् आनन्दलाल भने अझै बेपत्ता छन् ।

■■■

## साउदीका हरित...

सहभागी श्रमिकहरूले आफूले तिरेको भर्ती शुल्क फिर्ता, बाँकी पारिश्रमिक भुक्तानी, कार्यस्थलको सुरक्षा सुधार गर्न तथा घर फर्कन आर्थिक सहयोग गर्न माग गरेको जनाइएको छ । २४ जना श्रमिकले भर्ती शुल्क फिर्ता हुनुपर्ने बताएका छन् । धेरैले यसबाट ऋण तिर्न र परिवारको आर्थिक अवस्था सुधार्न सहयोग पुग्ने बताएका छन् ।

प्रतिवेदनअनुसार श्रमिकहरूले तलब वृद्धि, राम्रो आवास र गुणस्तरीय खाना तथा उचित कार्यसमयको पनि माग गरेका छन् । अत्यधिक गर्मीमा काम गर्दा पर्याप्त सुरक्षा व्यवस्था नभएको र केही श्रमिक बेहोस हुने गरेको दाबीसमेत गरिएको छ ।

बिएचआरसीले सात कम्पनीका गुनासो सुनुवाइ संयन्त्रको अध्ययन गर्दा कुनै पनि संयन्त्र न्यूनतम अन्तर्राष्ट्रिय मापदण्डअनुसार नभएको जनाएको छ । सातमध्ये चार कम्पनीसँग मात्र सप्लाइ चेन वर्करका लागि सार्वजनिक गुनासो संयन्त्र रहेको पाइएको छ । कुनै पनि कम्पनीले श्रमिकसम्म उक्त संयन्त्र कसरी प्रभावकारीरूपमा पुर्‍याइन्छ भन्ने स्पष्ट नपारेको जनाइएको छ ।

साउदीले हाल भिजन-२०३० अन्तर्गत नवीकरणीय ऊर्जामा ठूलो लगानी गरिरहेको छ । तर प्रतिवेदनले ऊर्जा प्रतिस्थापनलाई मात्र तीव्र पार्ने नभई श्रमिकका लागि न्यायपूर्ण हुनुपर्नेमा पनि जोड दिएको छ ।

वैदेशिक रोजगारी नेपालको अर्थतन्त्र र लाखौं परिवारको जीविकासँग प्रत्यक्ष जोडिएको छ । खाडी मुलुक नेपाली श्रमिकका प्रमुख गन्तव्य हुन् । गन्तव्य मुलुकमा पुगेपछि श्रमिकमाथि हुने शोषणको जिम्मेवारी रोजगारदाता वा गन्तव्य मुलुकमा सीमित नराखी स्रोत मुलुकदेखि नै उत्तरदायित्व सुनिश्चित गर्नुपर्ने आवश्यकता प्रतिवेदनले औंल्याएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०५/२१**

यस कम्पनीको मिति २०८३/०४/२९ को विशेष साधारण सभाको निर्णयबाट यस कम्( पनीको नाम **एस गुरू प्रा.लि.** बाट परिवर्तन गरि एस **रिफ्लेक्टीभ प्र्याक्टिस स्कुल प्रा.लि.** गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/१५ को निर्णयले स्विकृति प्रदान गरेको हुँदा साविक नामको कम्पनीको सम्पुर्ण सम्पत्ति दायित्व, कर आदि र कार्यक्रमहरु यसै परिवर्तित कम्पनी एस **रिफ्लेक्टीभ प्र्याक्टिस स्कुल प्रा.लि.** को नामबाट संचालन गरिने जानकारी सहित यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, २१ भदौ, २०८३

| | |
|---|---|
| **मेष** | कार्यक्षेत्रमा प्रतिष्ठा बढ्नेछ । मेहनतअनुसार सफलता र आर्थिक लाभ प्राप्त हुने सम्भावना छ । |
| **वृष** | काममा उत्साह बढ्नेछ । आर्थिक पक्ष सुधारिनुका साथै नयाँ अवसर प्राप्त हुन सक्छ । |
| **मिथुन** | मनमा रहेको अन्योल कम हुनेछ । परिवारको साथ र सहयोगले महत्वपूर्ण काम पूरा गर्न सहज हुनेछ । |
| **कर्कट** | नयाँ सम्पर्कबाट लाभ मिल्न सक्छ । बोलीमा संयम राख्दा सम्बन्ध अझ राम्रो बन्नेछ । |
| **सिंह** | नयाँ योजना सुरु गर्न अनुकूल दिन छ । साथीभाइ तथा सहकमीबाट सहयोग प्राप्त हुनेछ । |
| **कन्या** | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट सहयोग मिल्नेछ र खर्चमा भने ध्यान दिनु राम्रो हुनेछ । |
| **तुला** | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । पारिवारिक वातावरण सुखद रहनेछ । |
| **वृश्चिक** | जिम्मेवारी बढे पनि काम सफलतापूर्वक पूरा गर्न सकिनेछ । आर्थिक लाभको सम्भावना छ । |
| **धनु** | नयाँ अवसरले उत्साह बढाउनेछ । पुराना समस्या समाधान हुँदै जानेछन् । |
| **मकर** | व्यापार तथा रोजगारीमा सकारात्मक परिवर्तन आउन सक्छ । अनावश्यक विवादबाट टाढा रहनु राम्रो । |
| **कुम्भ** | आत्मविश्वास बढ्नेछ । महत्वपूर्ण निर्णय गर्दा हतार नगर्नुहोस् । |
| **मीन** | यात्रा वा नयाँ कामको अवसर मिल्न सक्छ । आर्थिक कारोबारमा सावधानी अपनाउनु उचित हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ भदौ, २०८३ (०६ सेप्टेम्बर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५१.६६ | १५२.२६ |
| युरो | १ | १७५.४९ | १७६.१८ |
| पाउन्ड स्टिर्लङ | १ | २०४.५१ | २०५.३१ |
| स्विस फ्रैन्क | १ | १८६.०५ | १८६.७९ |
| अस्ट्रेलियन डलर | १ | १०८.०४ | १०८.४६ |
| क्यानाडियन डलर | १ | १०८.८३ | १०९.२६ |
| सिङगापुर डलर | १ | ११९.०३ | ११९.५० |
| जापानी येन | १० | ९.४९ | ९.५२ |
| चिनियाँ युआन | १ | २२.५६ | २२.६५ |
| साउदी अरब रियाल | १ | ४०.३९ | ४०.५५ |
| कतारी रियाल | १ | ४१.६० | ४१.७७ |
| थाई भाट | १ | ४.५५ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.२९ | ४१.४६ |
| मलेसियन रिङेट | १ | ३७.४९ | ३७.६४ |
| दक्षिण कोरियन वन | १०० | ११.१० | ११.१४ |
| स्विडिस क्रोनर | १ | १५.६९ | १५.७५ |
| डेनिस क्रोनर | १ | २३.४८ | २३.५७ |
| हङकङ डलर | १ | १९.३४ | १९.४१ |
| कुवेती दिनार | १ | ४९३.७७ | ४९५.७२ |
| बहराइन दिनार | १ | ४०२.२७ | ४०३.८६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# तस्बिरमा भोटेकोशी बाढीको कहर










१) रसुवाको टिमुरेस्थित नेपाल-चीन सीमा नाकामा राखिएको नेपालको राष्ट्रिय झण्डा । यही भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले उक्त सीमा नाकामा नेपालतर्फ रहेका सम्पूर्ण संरचना बगाएकोले गोसाइकुण्ड गाउँपालिका-२ रसुवागढीस्थित सीमा नाकामा शनिबार सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना र नेपाल प्रहरीको संयुक्त टोलीले झण्डा राखेको हो ।
२) भोटेकोशी नदीमा आएको बाढीले पुल बगाएपछि नुवाकोट विदुर नगरपालिका-१ स्थित इन्द्रायणीचौरबाट गुम्बा जोड्न त्रिशूली नदीमा अस्थायीरूपमा निर्माण गरिएको तुइनबाट वारपार गर्दै स्थानीयवासी ।
३) बाढीपछि सडक सञ्जालबाट टुटेको नुवाकोटको विदुरस्थित तादी खोलामा शनिबार एक्रो ब्रिज जडान गर्दै नेपाली सेना ।
४) भोटेकोशी नदीमा आएको विनासकारी बाढीमा बेपत्ता भएकाहरूको काठमाडौंस्थित राष्ट्रिय ट्रमा सेन्टरको सूचना पाटीमा राखिएको तस्बिरहरूमा आफन्त खोज्दै बेपत्ताका आफन्त ।

*तस्बिरहरू: रासस*

## लोककल्याणकारी विज्ञापन कटौतीविरूद्ध चरणबद्ध आन्दोलनमा जान महासंघलाई सुझाव

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले गठन गरेको छापा माध्यम बचाउ सुझाव कार्यदलले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने सरकारी निर्णय खारेजीका लागि चरणबद्ध आन्दोलनमा जान सुझाव दिएको छ ।

कार्यदलले तत्काल सरकार तथा राजनीतिक दलका नेताहरूसँग संवाद गर्न र एक साताभित्र माग सम्बोधन नभए भौतिक आन्दोलन सुरु गर्न महासंघलाई प्रस्ताव गरेको हो । कार्यदलको शनिबार बिहान बसेको बैठकले दामोदरप्रसाद दवाडीलाई संयोजक चयन गर्दै महासंघलाई सातबुँदे सुझाव दिएको छ । कार्यदलले संशोधित कार्यविधिअनुसार कटौती गरिएको रकममा लोककल्याणकारी विज्ञापनको बिल विज्ञापन बोर्ड वा सम्बन्धित हुलाक कार्यालयमा पेस नगर्न देशभरका छापा माध्यमलाई आह्वान गर्न महासंघ केन्द्रीय समितिलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

सरकारी विज्ञापन वितरणमा भइरहेको विभेद, लोककल्याणकारी विज्ञापनको रकम कटौती तथा राष्ट्रिय समाचार समिति (रासस) को बुलेटिन शुल्कमा गरिएको ठूलो वृद्धि तत्काल सच्याउनुपर्ने कार्यदलको निष्कर्ष छ । त्यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसहित सम्बन्धित सरकारी निकाय र राजनीतिक दलका नेताहरूसँग भेटघाट गरी समस्या समाधानका लागि दबाब दिने निर्णय गरिएको कार्यदलले जानकारी दिएको छ ।

कार्यदलले एक सातासम्म संवाद र परामर्शबाट समस्या समाधानको प्रयास गर्ने र त्यस अवधिमा माग सम्बोधन नभए आन्दोलनलाई चरणबद्ध रूपमा अघि बढाउने प्रस्ताव गरेको छ । छापा माध्यमको आर्थिक संकट गहिरिँदै गएको अवस्थामा लोककल्याणकारी विज्ञापनको रकम कटौतीले साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यमको अस्तित्वमै थप चुनौती सिर्जना गरेको कार्यदलको ठहर छ ।

कार्यदलले छापा माध्यमको संरक्षणलाई केवल सञ्चारमाध्यमको व्यावसायिक विषयका रूपमा नभई प्रेस स्वतन्त्रता र नागरिकको सूचनाको अधिकारसँग जोडिएको विषयका रूपमा लिनुपर्नेमा जोड दिएको छ । सरकारको विज्ञापन नीतिमा समानता र पारदर्शिता कायम गर्नुपर्ने तथा सञ्चारमाध्यमलाई विभेदपूर्ण व्यवहार गर्न नहुने उसको भनाइ छ ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले भदौ १९ गते आयोजना गरेको छापा माध्यमका सम्पादक तथा प्रकाशकहरूसँगको सुझाव संकलन तथा छलफलपछि कार्यदल गठन गरेको थियो । दवाडीको संयोजकत्वमा डा. केशव देवकोटा, टंक कार्की, हेमराज सिलवाल, मुक्ति बास्तोला, विश्वराज किराँत, सीता पोखरेल, नृपेन्द्रलाल श्रेष्ठ, डिल्लीराम भट्टराई, पदमराज जोशी र कल्पना खड्का सदस्य रहेको कार्यदल गठन गरिएको हो ।

## बाढीमा मृत्यु भएका सशस्त्र प्रहरीका परिवारले २५ लाख राहत

**काठमाडौं (प्रस)–** सशस्त्र प्रहरी बल नेपालले कर्तव्य पालनाका सिलसिलामा भोटेकोशी बाढीमा परी मृत्यु भएका सशस्त्र प्रहरीका परिवारलाई २५ लाख रूपैयाँ राहत उपलब्ध गराउने भएको छ ।

सशस्त्र प्रहरीले मृतकका आश्रित परिवारलाई राष्ट्रसेवकका तर्फबाट तत्काल १५ लाख रूपैयाँ र 'सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएमा निजको हकवाला/आश्रित परिवारलाई उपलब्ध गराउने राहतसम्बन्धी कार्यविधि,२०७९' बमोजिम पाँच लाख रूपैयाँ तथा 'सशस्त्र प्रहरी बल, नेपाल विपद् प्रकोप राहत कोष सञ्चालनसम्बन्धी मापदण्ड, २०८१' बमोजिम पाँच लाख रूपैयाँसमेत गरी कूल २५ लाख रूपैयाँ रकम तत्काल उपलब्ध गराउने निर्णय गरेको हो ।

सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलको अध्यक्षतामा बसेको परामर्श समितिको बैठकले मृतक कर्मचारीले कल्याण कोषबाट ऋण लिइ भुक्तानी गर्न बाँकी सम्पूर्ण रकम मिनाहा गर्ने र निजका सन्ततिलाई पायक पर्ने नेपाल एपिएफ स्कुलमा कक्षा १० सम्मको अध्ययनका लागि शैक्षिक शुल्क छुट गर्ने निर्णय गरेको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

सशस्त्र प्रहरी कर्मचारीका आश्रित परिवारका सदस्य भोटेकोशी बाढीका कारण मृत्यु भएमा राहतस्वरूप प्रतिव्यक्ति एक लाख रूपैयाँ तत्काल उपलब्ध गराउने तथा बाढीबाट मृत्यु भएका सशस्त्र प्रहरीको स्मृतिमा स्मारकसमेत निर्माण गर्ने भएको छ । बाढीमा परी सशस्त्र प्रहरीका १३ जना सम्पर्कविहीन भएका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । सो बाढीमा परी ज्यान जोगाउन सफल पाँच जना सशस्त्र प्रहरीलाई राहतस्वरूप जनही ५० हजार रूपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउने सशस्त्रको निर्णय छ ।

बाढीबाट अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएमा एक लाख रूपैयाँ, घरवारविहीन भएमा एक लाख रूपैयाँ र आंशिकरूपमा भौतिक संरचनाको क्षति भएको तथा घाइतेलाई ५० हजार रूपैयाँसम्म तत्काल उपलब्ध गराइने सहप्रवक्ता थापाले जानकारी दिए ।

सशस्त्र प्रहरीले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा महानिरीक्षकदेखि जवानसम्मकातर्फबाट १५ करोड ५० लाख रूपैयाँ रकम जम्मा गर्ने निर्णय गरेको छ । टिमुरेस्थित बोर्डर आउट पोस्ट र सुरक्षा बेस मैलुङमा कार्यरत रही बाढीमा ज्यान जोगाउन सफल भएका सशस्त्र प्रहरीको हकमा भने रकम कट्टा नगरिने उनले जानकारी दिए ।

## वरिष्ठ पत्रकार यात्रुलाई पौरखी नेपालको सम्मान

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** वैदेशिक रोजगारबाट फर्किएका कामदारको संस्था पौरखी नेपालले आफ्नो नवौं अधिवेशन तथा २४औं वार्षिक साधारणसभाको अवसरमा इन्डिजिनियस टेलिभिजनका प्रमुख कार्यकारी, वरिष्ठ पत्रकार कुमार यात्रु तामाङलाई सम्मान गरेको छ । आप्रवासन तथा सीमान्तकृत समुदायको आवाजलाई सञ्चारमाध्यममार्फत उजागर गरी समाजलाई सशक्तीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएकोले त्यसको कदरस्वरूप सम्मान गरिएको पौरखी नेपालले जानकारी दिएको छ ।

संस्थाकी रणनीतिक सल्लाहकार मञ्जु गुरुङले आप्रवासन, आदिवासी जनजाति तथा सुशासनको पक्षमा विगत तीन दशकदेखि छापा, रेडियो र अनलाइन तथा टेलिभिजन पत्रकारितामा सक्रिय यात्रुलाई सम्मान गर्न पाउँदा संस्थालाई गौरव लागेको बताइन् । यात्रुले पत्रकारिता, अनुसन्धान तथा लेखनका माध्यमबाट सामाजिक मुद्दालाई उजागर गर्दै सामाजिक रूपान्तरणको क्षेत्रमा योगदान दिएको उनले चर्चा गरिन् ।

सोही समारोहमा सम्मानित यात्रुले पौरखी नेपाल एक आन्दोलनका रूपमा रहेको आफूले बुझेको बताए । सम्मानले थप हौसला र जिम्मेवारीबोध भएको उनको भनाइ थियो । संस्थाकी अध्यक्ष सत्रकुमारी गुरुङको अध्यक्षतामा भएको नवौं अधिवेशन तथा २४औं वार्षिक साधारणसभामा महासचिव सिन्धु अर्यालले संस्थाको गतिविधिसहितको प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा संस्थाको सामाजिक परीक्षण पनि भएको थियो । सामाजिक परीक्षणका क्रममा सहभागीहरूले महिला श्रमिकको अधिकार, सुरक्षित वैदेशिक रोजगारी, पुनःएकीकरण तथा सामाजिक न्यायका सवालमा राज्य र सरोकारवाला निकायबीच थप सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिएका थिए ।

सोही अधिवेशनले सिन्धु अर्यालको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको छ । अधिवक्ता कृष्ण न्यौपानेको संयोजकत्वमा गठन भएको निर्वाचन आयोगका अनुसार संस्थाको नयाँ कार्यसमितिको सचिवमा निर्जला भट्टराई, कोषाध्यक्षमा राजु गुरुङ तथा सदस्यहरूमा सुशिला राना, सुनिता लामिछाने गुरुङ, दुर्गा पोखरेल र निर्मला गुरुङ निर्विरोध निर्वाचित भएका छन् ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### संकटमा आशाको किरण र ढिलासुस्तीको प्रश्न

भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले उत्पन्न गराएको त्रासदी अझै थामिएको छैन । बाढी आएको ११औं दिन बितिसक्दा पनि उद्धार कार्य जारी रहनुले संकटको भयावहता र जटिलतालाई स्पष्ट पार्छ । विभिन्न जलविद्युत् आयोजनाका अँध्यारा सुरुङभित्र फसेका श्रमिक तथा प्राविधिकहरू जीवितै फर्कने आशा क्षणिकरूपमा क्षीण हुँदै गएको थियो । तर, पछिल्लो दुई दिनमा माथिल्लो त्रिशूली–३ 'ए' को सुरुङबाट दुईजना र त्रिशूली–१ जलविद्युत् आयोजनाको 'अडिट–४ टनेल'बाट एक जना र नुवाकोटको बेत्रावतीस्थित बाढीले पुरेको घरभित्रबाट एक महिलाको जीवितै उद्धार हुनुले सम्पूर्ण देशवासीमा पुनः नयाँ आशा र राहतको सञ्चार गराएको छ ।

विपद्को ११औं दिनमा पनि सर्वस्व गुमाइसकेका परिवारका लागि आफ्ना मान्छे जीवितै भेटिनु कुनै चमत्कारभन्दा कम छैन । अहोरात्र खटिएका नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका उद्धारकर्मीहरूको साहस, निष्ठा र कडा मिहेनतले केही नागरिकलाई पुनर्जीवन दिएको छ । उनीहरूको यो योगदानप्रति उच्च सम्मान व्यक्त गर्नैपर्छ । साथै, पछिबाट भए पनि उद्धारमा जोडिएका चीन, भारत र दक्षिण कोरियाका विज्ञ टोली तथा सम्बन्धित जलविद्युत् कम्पनीका प्राविधिकहरूको भूमिकाले पनि यस अभियानलाई थप प्रभावकारी बनाएको छ ।

तर, यो खुसीको बीचमा सरकारको फितलो व्यवस्थापन र निर्णय क्षमतामाथि उठेका गम्भीर प्रश्नहरूलाई पन्छाउन मिल्दैन । बाढी र पहिरोजस्ता विपद्मा समयको प्रत्येक सेकेण्डको महत्त्व हुन्छ । जति चाँडो उद्धार कार्य सुरु गर्न सकियो, फसेकाहरूको ज्यान जोगिने सम्भावना त्यति नै बढी हुन्छ । राज्यको प्राथमिक कमजोरी सुरुवाती चरणमै देखियो । सरकारले सुरुमा नेपाली सेनालाई मात्र प्राथमिकतामा राखेर उद्धारमा खटाउनु र सुरुङजस्तो जटिल तथा प्राविधिक संरचनाभित्र प्रवेश गर्न चाहिने विशेषज्ञतालाई समयमै ध्यान नदिनु ठूलो भूल थियो ।

अन्तर्राष्ट्रिय सहायता र विज्ञ टोलीलाई अनुमति दिन ढिलाइ गरिनु, तथा सम्बन्धित जलविद्युत् आयोजनाकै प्राविधिक एवं इन्जिनियरहरूलाई सुरुमै उद्धार टोलीमा समावेश नगर्नु सरकारको रणनीतिक अपरिपक्वता हो । यदि सुरुका दिनदेखि नै सेना, प्रहरीका साथै वैदेशिक विज्ञ, भूगर्भविद् र आयोजनाका प्राविधिकहरू सम्मिलित संयुक्त टोली परिचालन गरिएको भए, सायद अझै धेरै नागरिकलाई जीवितै उद्धार गर्न सकिन्थ्यो होला । ढिलासुस्तीकै कारण धेरैले अकालमा ज्यान गुमाउनुपरेको नागरिक आक्रोश बिल्कुलै स्वाभाविक र जायज छ ।

यस त्रासदीले हामीलाई राज्यको विपद् व्यवस्थापन प्रणाली अझै कति परम्परागत र सुस्त छ भन्ने तितो यथार्थ पुनः बोध गराएको छ । संकटका बेला निर्णय प्रक्रिया चुस्त हुनुपर्छ, दलीय वा प्रशासनिक अल्झो हुनुहुँदैन । अबका दिनमा पनि सुरुङ तथा घरका भग्नावशेषहरूभित्र अन्य नागरिकहरू फसेका हुनसक्ने सम्भावना न्यून छ । तर पनि आशा नमारेर सम्पूर्ण प्राविधिक क्षमता, अत्याधुनिक उपकरण र उच्च मनोबलका साथ उद्धार कार्यलाई अझ तीव्र पारिनुपर्छ । भोलिका दिनमा यस्ता विपद्को सामना गर्न प्राविधिकरूपमा दक्ष विपद् टोलीको पूर्वतयारी र द्रुत निर्णय प्रक्रियालाई राज्यले पहिलो प्राथमिकता बनाउनै पर्छ ।

# जलवायु अन्याय: क्षतिपूर्ति नेपालको कानुनी हक



❑ मोहनकुमार दाहाल

> नेपालको जलवायु क्षतिपूर्तिको माग याचना होइन तर सार्वभौम गरिमाको दृढ अभिव्यक्ति हो र अन्तर्राष्ट्रिय समुदायले बुझ्नैपर्छ कि जलवायु संकट मूलतः न्यायको संकट हो, जहाँ गरिब र सबैभन्दा कमजोरले आफूले कहिल्यै भोग्न नपाएको समृद्धि र आफूले कहिल्यै उत्सर्जन नगरेको प्रदूषणको लागत बेहोर्न बाध्य छन् । नेपाल जलवायु संकटको सिर्जनामा निर्दोष छ, तैपनि यसको सबैभन्दा कठोर परिणाम भोग्छ, र यो आधारभूत विसंगति ऐतिहासिक र कानुनीरूपमा उत्तरदायी विकसित देशहरूबाट पूर्ण र विनासर्त क्षतिपूर्ति र सहायताको प्रावधानमार्फत समाधान हुनैपर्छ ।

जलवायु परिवर्तन विश्वले सामना गरिरहेको सबैभन्दा गम्भीर अस्तित्वगत संकट हो, तर यसको विनाशकारी प्रभाव सबैभन्दा बढी ती राष्ट्रहरूले भोग्नुपरेको छ जसले यसको सिर्जनामा नगण्य योगदान गरेका छन्, र नेपाल यस विश्वव्यापी अन्यायको एउटा मार्मिक र अकाट्य उदाहरण हो ।

प्रतिव्यक्ति कार्बन उत्सर्जन विश्वव्यापी औसत ४.६७ टनको तुलनामा मात्र ०.५४ टन रहेको र विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा ऐतिहासिक योगदान ०.०५ प्रतिशतभन्दा कम रहेको नेपाल वातावरणीय दृष्टिले सबैभन्दा शुद्ध राष्ट्र हो, जसले जलवायु प्रणालीलाई अस्थिर बनाउन केही गरेको छैन, तैपनि यो जलवायुप्रेरित विपत्तिहरूको अग्रपंक्तिमा छ जसले यसको अर्थतन्त्र, पूर्वाधार, पारिस्थितिकी र समाजको सम्पूर्ण संरचनालाई व्यवस्थितरूपमा ध्वस्त पारिरहेको छ ।

यो कुनै प्राकृतिक विपत्ति होइन, बरू औद्योगिक राष्ट्रहरूको निरन्तर र ऐतिहासिकरूपमा सञ्चित उत्सर्जनले सिर्जना गरेको मानवनिर्मित संकट हो र यो एक निर्विवाद नैतिक, कानुनी र ऐतिहासिक दायित्व हो कि जिम्मेवार राष्ट्रहरूले नेपालले भोगेको र भोगिरहेको अथाह क्षतिको पूर्ण र विनासर्त क्षतिपूर्ति उपलब्ध गराउन अघि बढ्नै पर्छ ।

भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले यो जलवायु अन्यायको ज्वलन्त र अकाट्य प्रमाण प्रस्तुत गरेको छ । यसले राष्ट्रको भूगोल र मानसिकतामा कहिल्यै नमेटिने घाउ छोडेको छ । सरकारी तथ्यांकअनुसार यस बाढीमा परी मृतकको संख्या एक हजार ३४४ पुगिसकेको छ भने करिब पाँच हजार जना अझै बेपत्ता छन्, हजारौं विस्थापित भएका छन् । अझ स्वतन्त्र मूल्यांकन र स्थलगत अवलोकनले वास्तविक मानवीय क्षति त्योभन्दा निकै उच्च रहेको संकेत गर्छ, सम्पूर्ण बस्तीहरू केही घण्टैमा इतिहासबाट मेटिएका छन् । भौतिक पूर्वाधारको क्षति पनि अत्यन्त भयावह छ । अमूर्त तथा गैरआर्थिक क्षति (मानसिक आघात, सांस्कृतिक सम्पदाको विनाश, जैविक विविधताको हानि र स्थानीय ज्ञान प्रणालीको अपरिवर्तनीय क्षति) ले एक सञ्चित घाउ सिर्जना गरेको छ जसले पुस्तौंसम्म पिरोल्ने निश्चित छ ।

यसै सन्दर्भमा नेपालले संयुक्त राष्ट्रसंघीय जलवायु महासन्धिअन्तर्गतको हानि तथा नोक्सानी कोषलाई क्षतिपूर्ति रकम उपलब्ध गराउन पत्राचार गरिसकेको छ । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले टिमोर-लेस्टेको राजधानी दिलीमा आयोजित अल्पविकसित देशहरू (एलडिसी) को मन्त्रीस्तरीय बैठकमा बिहीबार यो कुरालाई थप गम्भीर रूपमा लिन आग्रह गरेकी छन् ।

नेपालको क्षतिपूर्ति दाबी केवल कूटनीतिक आग्रहमात्र होइन, यो संवैधानिक, कानुनी र प्राकृतिक अधिकारमा दृढतापूर्वक आधारित छ जुन घरेलु र अन्तर्राष्ट्रिय न्यायशास्त्र दुवैअन्तर्गत मान्यता प्राप्त छ, जसले यसको मागलाई अकाट्य आधार प्रदान गर्छ ।

नेपालको संविधानको धारा ५ ले राष्ट्रिय हित, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, आर्थिक समृद्धि, र नेपाली जनताको कल्याणको संरक्षणलाई राज्यको आधारभूत दायित्वको रूपमा स्पष्टरूपमा उल्लेख गरेको छ । अर्थतन्त्र, भौतिक पूर्वाधार, खाद्यसुरक्षा, ऊर्जा प्रणाली, सार्वजनिक स्वास्थ्य र नागरिकको समग्र जीवनस्तरमा पुऱ्याइएको विनाशकारी क्षतिले यी संवैधानिक आदेशहरूमाथि प्रत्यक्ष आघात पुऱ्याएको छ । यसबाहेक, अन्तर्राष्ट्रिय कानुनी ढाँचा, विशेष गरी पेरिस सम्झौताको धारा ९ र हानि तथा नोक्सानी कोषको सञ्चालन मोडालिटीले विकसित देशहरूलाई जलवायु परिवर्तनको प्रतिकूल प्रभावप्रति सबैभन्दा संवेदनशील राष्ट्रहरूलाई अनुदान-आधारित वित्तीय सहायता उपलब्ध गराउने कानुनीरूपमा बाध्यकारी दायित्व स्थापना गरेको छ ।

नेपाल, आफ्नो अतुलनीय जोखिम र नगण्य योगदानका साथ, तत्काल र पूर्ण क्षतिपूर्तिको सबैभन्दा बलियो मामला हो । अन्तर्राष्ट्रिय अदालत (आइसिजे) को २०२५ को सल्लाहकारी रायले थप यस कानुनी आधारलाई सुदृढ पारेको छ जसले आफ्नो जलवायु दायित्व उल्लंघन गर्ने र अर्को राष्ट्रलाई प्रत्यक्ष क्षति पुऱ्याउने राज्यहरू क्षतिपूर्तिका लागि उत्तरदायी हुने पुष्टि गरेको छ, जसले नेपाललाई अब कूटनीतिक प्रयासले अपेक्षित परिणाम नदिएमा कानुनी मार्ग अवलम्बन गर्न एउटा सशक्त न्यायिक पूर्वउदाहरण प्रदान गरेको छ ।

नेपालको भोटेकोशी विपत्तिको पूर्ण क्षतिपूर्तिको माग कुनै परोपकारको अनुरोध होइन तर सार्वभौम अधिकारको वैध अभ्यास हो । यसलाई अटल संकल्प, कूटनीतिक परिस्कार र रणनीतिक कानुनी कारबाहीका साथ अघि बढाउनुपर्छ जसले विकसित राष्ट्रहरूलाई प्रक्रियागत बहाना वा स्रोत अभावको आडमा आफ्ना दायित्वबाट पलायन हुन कुनै ठाउँ दिनु हुँदैन । आगामी संयुक्त राष्ट्रसंघको महासभाले एउटा महत्त्वपूर्ण विश्वव्यापी मञ्च प्रदान गर्छ जहाँ प्रधानमन्त्रीले स्वयं उपस्थित भई कठोर वैज्ञानिक प्रमाण, सूक्ष्म आर्थिक गणना, र मानवीय कथाहरूले समर्थित जलवायु हानि तथा नोक्सानीको नेपालको विस्तृत डोजियर विश्वसमक्ष प्रस्तुत गर्नुपर्छ, जसले तथ्यांकलाई शोकाकुल परिवार, विस्थापित समुदाय र चकनाचूर सपनाहरूको मूर्त वास्तविकतामा रूपान्तरण गर्छ ।

समकालीनरूपमा नेपालले बहुपक्षीय संस्थाहरू, क्षेत्रीय सहयोगीहरू, र नागरिक समाज सञ्जालहरूसँग सक्रिय संलग्नता बढाई जलवायु-संवेदनशील राष्ट्रहरूको गठबन्धन निर्माण गर्नुपर्छ जसले विकसित विश्वमाथि सामूहिक दबाब सिर्जना गर्न सकोस्, क्षतिपूर्तिको मागलाई द्विपक्षीय वार्ताबाट एक विश्वव्यापी आन्दोलनमा रूपान्तरण गर्दै जसलाई बेवास्ता गर्न सकिँदैन ।

यसैगरी, नेपालले अन्तर्राष्ट्रिय समुदायले बहाना र टुटेका वाचाहरूको स्वरूप जारी राखेमा, अन्तर्राष्ट्रिय अदालत वा अन्य उपयुक्त अन्तर्राष्ट्रिय न्यायाधिकरणमा उजुरी दायर गर्ने सम्भावनासहितका सबै उपलब्ध कानुनी उपचारहरू अवलम्बन गर्न आफूलाई तयार पार्नुपर्छ, किनभने अन्तर्राष्ट्रिय कानुनअन्तर्गत राज्य उत्तरदायित्वको सिद्धान्तले स्पष्टरूपमा स्थापना गरेको छ- दायित्वको उल्लंघनले क्षतिपूर्तिको दायित्व निम्त्याउँछ । वैज्ञानिक समुदायले पहिले नै, बढ्दो परिशुद्धताका साथ, मानवजन्य हरितगृह ग्यास उत्सर्जन र हिमताल विस्फोट, अत्यधिक वर्षा र विनाशकारी बाढीको तीव्रता बीचको कारण-सम्बन्ध स्थापना गरिसकेको छ ।

नेपालले उन्नत मौसम आरोपण विज्ञानमार्फत आफ्नो प्रमाण-आधारलाई सुदृढ पार्न लगानी गर्नुपर्छ ताकि यसको कानुनी तर्कहरू अखण्डनीय बनून् । यसबाहेक, नेपाल, भारत, चीन र अन्य हिमाली राष्ट्रहरू सम्मिलित 'हिमाली जोखिम तथा सहनशीलता सम्झौता' जस्ता क्षेत्रीय सहकार्य संयन्त्रहरू पनि समानान्तररूपमा अघि बढाउनुपर्छ ताकि विपत्ति पूर्वतयारी बढाउन, हिमनदी गतिशीलता र अस्थिर पहाडी ढलानको महत्त्वपूर्ण तथ्यांक साझा गर्न, र प्रारम्भिक चेतावनी प्रणाली विकास गर्न सकियोस् ।

तर त्यस्तो सहकार्यले कहिल्यै पूर्ण क्षतिपूर्ति र जलवायु न्यायको आधारभूत मागलाई प्रतिस्थापन वा कमजोर बनाउन पाइँदैन । अन्तर्राष्ट्रिय समुदायमाथि नेपालले भोटेकोशी बाढीबाट भोगेको क्षतिको पूर्ण क्षतिपूर्ति उपलब्ध गराउने, र पुनर्निर्माण, पुनर्स्थापना, तथा सहनशीलता विकासका लागि पर्याप्त कोष उपलब्ध गराउने नैतिक र कानुनी दायित्व छ, विनाकुनै सर्त जसले राष्ट्रिय सार्वभौमसत्तालाई कमजोर पारोस् वा निर्भरता स्थायी बनाओस् ।

निष्कर्षमा, नेपालको जलवायु क्षतिपूर्तिको माग याचना होइन तर सार्वभौम गरिमाको दृढ अभिव्यक्ति हो र अन्तर्राष्ट्रिय समुदायले बुझ्नैपर्छ कि जलवायु संकट मूलतः न्यायको संकट हो, जहाँ गरिब र सबैभन्दा कमजोरले आफूले कहिल्यै भोग्न नपाएको समृद्धि र आफूले कहिल्यै उत्सर्जन नगरेको प्रदूषणको लागत बेहोर्न बाध्य छन् । नेपाल जलवायु संकटको सिर्जनामा निर्दोष छ, तैपनि यसको सबैभन्दा कठोर परिणाम भोग्छ, र यो आधारभूत विसंगति ऐतिहासिक र कानुनीरूपमा उत्तरदायी विकसित देशहरूबाट पूर्ण र विनासर्त क्षतिपूर्ति र सहायताको प्रावधानमार्फत समाधान हुनैपर्छ ।

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

#### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमा:

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।

# भोटेकोशी बाढीले सिकाएको पाठ



❑ दामोदर खनाल

भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङमा ठूलो धनजनको क्षति पुगेको छ । क्षतिको यकिन तथ्यांक आउन बाँकी भए पनि रसुवागढीदेखि बेत्रापती, टिमुरे, स्याफ्रुबेंसी, त्रिशूलीलगायतका क्षेत्र तहसनहस नै भएका छन् । यो बाढीले घरमात्र बगाएन, पुल, सडक, प्रहरी चौकी, जलविद्युत्, बैंकका शाखा, सवारीसाधन, वर्षौं लगाएर बनाएका विकास निर्माणका संरचनासमेत बगायो र ठूलो संख्यामा मानवीय क्षति पुऱ्यायो ।

गत वर्ष पनि ल्हेन्दे खोला हुँदै भोटेकोशीमा आएको बाढीले रसुवा भन्सार नाका क्षेत्रमा ठूलो क्षति भएको थियो । यद्यपि उक्त घटनालाई खासै चासोका साथ लिइएन । र, अहिले त्यही क्षेत्रमा यो डरलाग्दो विपद्को घटना घटेको छ ।

गत वर्ष असारको अन्तिम हप्ता घुमफिरका क्रममा हामी केही साथीहरू केरूङ पुगेका थियौं । त्यसको ठीक महिना दिन अर्थात् साउनको अन्तिम हप्ता तिब्बततिरबाट आएको बाढीले चिनियाँ भन्सार, मितेरी पुल र नेपालको बन्दै गरेको भन्सारको संरचनालाई ठूलो असर पार्नुका साथै दर्जनौं सवारीसाधन बगाएको थियो । केही मानिसको ज्यानसमेत गएको थियो ।

उक्त घटनापछि सरोकारवाला निकाय खासै गम्भीर भएको पाइएन । त्यो बेला उक्त बाढीपहिरोको घटनाको प्रतिवेदन बनेको थियो होला तर पनि खास ध्यान दिइएन । के-कति क्षति भयो, के कारणले बाढी आयो भनेर सोधखोज गरेको भए सायदै यसपालि यस्तो ठूलो क्षति हुने थिएन ।

गत वर्ष साउनमा आएको बाढीले दुवैतिर भौतिक संरचनामा ठूलो क्षति पुऱ्याएको थियो । चीनतर्फबाट हिमताल फुटेर, बढी पानी र हिमपात पर्दा यसको असर नेपालमामात्र नभई भारतसम्म पर्छ भन्ने हालको घटनाबाट पुष्टि भएको छ । यो संवेदनशील विषयमा अब यस्ता घटना दोहरिनसक्ने भएकाले तीन देशले एउटा उच्चस्तरीय समिति गठन गरेर घटनाको सत्यतथ्य छानविन गरी कारण र असर खोजेर आगामी दिनमा पनि हुनसक्ने असरलाई ख्यालगरी नदी, खोला, हिमताल बेलाबेलामा संयुक्तरूपमा अवलोकन गरी त्यहाँको अवस्था सार्वजनिक गर्न आवश्यक छ । सायद विगतको घटनाप्रति संवेदनशील भएको भए यस्तो महाप्रलय र यति धेरै धनजनको क्षति हुने थिएन कि ?

## अब गर्नुपर्ने

घटनाको पूर्ण विवरण आइसकेपछि वास्तविक पीडितलाई उचित स्थानमा व्यवस्थित बसाइ र आवश्यक राहत तथा ध्वस्त सडक पुल अलि व्यवस्थित तरिकाले निर्माण गर्न आवश्यक छ । अबका भौतिक संरचना सुरक्षित स्थानमा र पुल अलि अग्लो बनाउन पनि जरुरी रहेको घटनाले संकेत गरेको छ । आगामी दिनमा यस्ता घटना दोहरिन नदिन सबैले चासोका साथ लाग्न जरूरी छ नकि आरोपप्रत्यारोप गरेर समय बिताउने बेला हो यो । राहत र उद्धारमा तीन तहका सरकार एकआपसमा मिलेर अगाडि बढ्न जरुरी छ ।

हामीले जे जसरी हुन्छ जे सकिन्छ सहयोग गर्ने, सेना र उद्धार टोलीले अत्यन्तै जोखिमपूर्ण ठाउँमा हिलो लेदोमा भोक तिर्खा, निद्रा नभनी गरिरहेकाले उनीहरूको कामलाई थप हौसला दिन जरुरी छ । यो आकस्मिकरूपमा भएको महाप्रलयका कारण स्वदेशी तथा विदेशी दाताबाट मन खोलेर राहत सामग्री तथा नगद पाप्त भइरहेकाले त्यसको दुरूपयोग नगरी उचित र मनासिव तरिकाले सदुपयोग गर्न आवश्यक छ । अनि यस्तो महाविपद्का बेला व्यापार व्यवसाय गर्नेले बजारमा महँगी बढाउने, हवाई भाडा बढाउनेजस्ता काम पनि गर्न हुँदैन । प्राप्त सहयोग र राहतको विगतमा जस्तो दुरूपयोग नहोस् ।

हाम्रा बुवा, हजुरबुवाले गाउँबेंसीको प्रचलन त्यसै ल्याएका होइन रहेछन् भन्ने कुरा प्रमाणित हुँदै गएको छ । अनि हामीले नदी, खोला किनारमा उसले ओगटने भाग अतिक्रमण गरेर बस्दा बढी जोखिम हुने भएकाले त्यसप्रति हामी सबै चनाखो हुन जरूरी छ । कतिपय जिल्लामा नेताहरूले भोटको राजनीतिका कारण सुकुमबासीको नाममा अत्यन्तै जोखिमपूर्ण नदी किनारका ठाउँमा बसे पनि उनीहरूलाई सुरक्षित ठाउँमा बसाल्नभन्दा जोखिमपूर्ण ठाउँमै पानी, बिजुली, सडकको व्यवस्था गरिदिने प्रवृत्ति छ । जनप्रतिनिधिले पटक-पटक घटेका घटनालाई ध्यान दिँदै यस्तो भोटको राजनीतिबाट पछाडि हटेर सुरक्षित ठाउँमा व्यवस्थित तरिकाले बसोबास गराउन लाग्नुपर्छ ।

उता प्रधानमन्त्री वालेन्द्र शाहले बुधबार संसद्मा सम्बोधन गर्दै जलवायु परिवर्तनका कारण भोटेकोशी बाढी आएको हुनसक्ने भन्दै अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएको बताएका छन् । तसर्थ भोटेकोशी घटनाको सत्यतथ्य छानविन गर्न अन्तर्राष्ट्रियस्तरको विज्ञसहितको छानविन समिति गठन गरेर घटनाको सत्यतथ्य उजागर गर्न जरुरी छ ।

उता विगतका भएको बाढीपहिरो, भूकम्पजस्ता घटनाबाट विगतका सरकारले पाठ सिकेर यस्ता भवितव्य दुर्घटनाप्रति सचेत भएर आवश्यक तयारी र उपकरणको व्यवस्था गरेको पनि पाइँदैन । अब सरकार र सरोकारवाला निकायले आधुनिक प्रविधिबारे पनि जानकारी लिएर यस्ता घटना हुँदा कम क्षति हुने उपाय अवलम्बन गर्न जरूरी छ । यस्ता भवितव्य हुँदा सबै दल, सबै पक्ष बाढीपहिरोबाट प्रभावित क्षेत्रमा खोजी, उद्धार र राहतमा निःस्वार्थ रूपमा लाग्न आवश्यक छ ।



**पूजायात्रा गर्दै भक्तजन** | ललितपुरको गा:बहालस्थित पूर्णचण्डी टोल सुधार समितिद्वारा प्रत्येक वर्ष श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट मनाइने श्री कृष्ण पूजायात्राका अवसरमा शनिबार ललितपुर महानगरपालिकाका विभिन्न टोलमा रहेका श्रीकृष्ण मन्दिरमा पुगेर पूजायात्रा गर्दै भक्तजन । *तस्बिरः रासस*

# रसुवा बाढीपछि नुवाकोटका चार बस्ती जोखिममा

**त्रिशूली (नुवाकोट)–** भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीको बहावपछि नुवाकोटको चार स्थानका बस्ती उच्च जोखिममा परेका छन् । त्रिशूली नदीको बहाव परिवर्तनसहित पटक-पटक आएको बाढीले जग्गा कटान गर्न थालेपछि ती बस्ती जोखिममा परेका हुन् ।

जिल्लाको पश्चिमतर्फ रहेको तारकेश्वर गाउँपालिका-४ को दर्शनटार क्षेत्रको बस्ती सबैभन्दा बढीप्रभावित भएको नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले जानकारी दिए । उनको अनुसार १०० भन्दा बढी घरधुरी बसोबास गर्दै आएको दर्शनटारसहित आसपासका बस्ती जोखिममा परेका हुन् ।

हालैको बाढीबाट विदुर नगरपालिका-१ को बान्द्रे, वडा नं ४ स्थित बसपार्क, बेलकोटगढी नगरपालिका-७ स्थित छब्बिसेको बस्ती र सार्वजनिक भौतिक संरचनामा क्षति पुगेको नुवाकोट जिल्ला प्रशासनले जनाएको छ ।

नदीको कटान निरन्तर भइरहेका स्थानका बस्ती तत्कालै खाली गरेर उनीहरूलाई सुरक्षित स्थानमा स्थान्तरणका लागि सम्बन्धित पालिकालाई ध्यानाकर्षण गराइएको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा प्रजिअ रेग्मीले जानकारी दिए ।

नदीले कटानको बस्तीसहित उक्त स्थानमा रहेका सामुदायिक तथा सार्वजनिक संरचनामासमेत क्षति पुगेको छ । बेलकोटगढी-७ को छब्बिसेमा बस्तीसहित गल्छी-रसुवागढी सडक योजनाअन्तर्गतको गल्छी-देवीघाट सडक खण्डलाई क्षति पुऱ्याएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । भदौ १० को बाढीबाट बचेको संरचनालाई समेत निरन्तर नदी कटानका कारण प्रभावित तुल्याएको छ । अहिले गल्छी-देवीघाट सडकखण्डमा यातायात सञ्चालनमा रोक लगाइएको छ ।

नदीको कटानले स्थानीय बसपार्कसहित नेपाल विद्युत् प्राधिकरणले उक्त स्थानमा निर्माण गरेको 'चार्जिङ स्टेसन,' विदुर नगरपालिकाले निर्माण गरेको कोसेली घरसहितको संरचना पनि जोखिममा परेका छन् ।

यसैबीच, भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको भीषण बाढीले जग्गा कटान गरेको, भवनसहितका भौतिक संरचना ध्वस्त बनाएको अवस्थामा बाढीबाट प्रभावित बासिन्दालाई सुरक्षित स्थानमा स्थान्तरण गर्न जिल्ला विपद् व्यवस्थापन समितिले सरकारको ध्यानाकर्षण गरेको छ । *रासस*

# मानव-बाघ सहअस्तित्वका लागि बाघ-मित्र अभियान प्रभावकारी

**जनकपुरधाम–** पर्सा राष्ट्रिय निकुञ्जमा मानव-बाघ सहअस्तित्व प्रवर्द्धनका लागि सञ्चालन गरिएको 'बाघ-मित्र अभियान' प्रभावकारी बन्दै गएको छ । अभियानको प्रभावकारिता, उपलब्धि, चुनौती तथा आगामी कार्यदिशाका विषयमा आयोजित कार्यशालामा सहभागी सरोकार भएका निकायका प्रतिनिधिले मानव सुरक्षा, जोखिम पहिचान, प्रारम्भिक सूचना प्रणाली तथा समुदायको सहभागितालाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

पर्सा राष्ट्रिय निकुञ्जमा आयोजित कार्यशालामा निकुञ्ज, डिभिजन वन कार्यालय बारा र पर्साका अधिकारी, साझेदारी तथा सामुदायिक वनका प्रतिनिधि, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, निकुञ्ज सुरक्षार्थ खटिएको गणका प्रतिनिधि तथा संरक्षणका क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो ।

कार्यशालामा निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले बाघको संख्या बढ्नुमात्र संरक्षणको सफलता नभई बाघसँगै बस्ने समुदाय सुरक्षित र संरक्षणप्रति सकारात्मक हुनु पनि उत्तिकै महत्त्वपूर्ण रहेको बताए । उनका अनुसार सन् २०२२ मा पर्सा राष्ट्रिय निकुञ्जमा ४१ वयस्क बाघ रहेकामा सन् २०२६ मा उक्त संख्या बढेर ७१ पुगेको छ । बाघको संख्या बढेसँगै संरक्षण व्यवस्थापन र मानव सुरक्षाको जिम्मेवारीसमेत बढेको उनले बताए ।

प्रमुख संरक्षण अधिकृत खतिवडाले पर्सा राष्ट्रिय निकुञ्जको संरक्षण व्यवस्थापनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउन 'संरक्षण सुनिश्चितता बाघ संरक्षण मापदण्ड (क्याट्स)' अन्तर्गत मान्यता प्राप्त गर्ने प्रक्रिया अघि बढाइएको जानकारी दिए । त्यसका लागि निकुञ्जको संरक्षण व्यवस्थापन प्रणालीको मूल्यांकन, विद्यमान अवस्थाको समीक्षा तथा आवश्यक सुधारका काम अघि बढाइएको उनले बताए ।

'बाघ-मित्र अभियानलाई जनचेतनामूलक कार्यक्रमका रूपमामात्र सीमित नगरी जोखिम पहिचान, प्रारम्भिक सूचना, समुदाय परिचालन, सुरक्षित व्यवहार र द्वन्द्व न्यूनीकरणसँग जोड्नुपर्छ,' उनले भने । मानव-बाघ द्वन्द्व न्यूनीकरण निकुञ्जको मात्र जिम्मेवारी नभई वन कार्यालय, स्थानीय तह, समुदाय, सुरक्षा निकाय तथा संरक्षण साझेदार सबैको साझा दायित्व भएको उनले उल्लेख गरे ।

मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष सीताराम अर्यालले संरक्षणसँगै स्थानीय समुदायको सुरक्षा, सहभागिता र संरक्षणबाट प्राप्त लाभ सुनिश्चित गर्नुपर्ने बताए । निकुञ्ज र समुदायबीच निरन्तर संवाद तथा स्थानीय ज्ञानको उपयोग गर्नुपर्नेमा उनले जोड दिए ।

जुलोजिकल सोसाइटी अफ लण्डन (जेडएसएल) नेपालका क्षेत्रीय अधिकृत प्रचण्ड महर्जनले मानव-बाघ द्वन्द्वको जोखिम, समुदायको सचेतना, प्रारम्भिक सूचना प्रणाली तथा सरोकार भएका निकायबीचको समन्वयका विषयमा प्रस्तुति दिएका थिए । निकुञ्जका संरक्षण अधिकृत सन्तोष भगतले बाघ-मित्र अभियानको स्थलगत अनुभव, बाघको गतिविधि तथा जोखिमयुक्त क्षेत्रबारे जानकारी गराउँदै समयमै सूचना प्रवाह, नियमित निगरानी र तत्काल प्रतिक्रिया संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने बताए ।

कार्यशालामा सहभागी वन कार्यालय, वन उपभोक्ता समूह, मध्यवर्ती क्षेत्र, सुरक्षा निकाय तथा अन्य सरोकार भएका निकायका प्रतिनिधिले मानव सुरक्षा, सूचना आदानप्रदान, जोखिम पहिचान, समुदायको सहभागिता तथा द्वन्द्वको अवस्थामा तत्काल प्रतिक्रिया संयन्त्रलाई थप प्रभावकारी बनाउन सुझाव दिए । पर्सा राष्ट्रिय निकुञ्जमा बाघको संख्या वृद्धि हुँदै गएको अवस्थामा बाघसँगै मानिसलाई सुरक्षित राख्दै दीर्घकालीन सहअस्तित्व कायम गर्नु संरक्षणको प्रमुख चुनौती बनेको छ । *रासस*

# बाढीप्रभावित क्षेत्रमा डिएनए नमूना संकलन केन्द्र सञ्चालन

**त्रिशूली (नुवाकोट)–** भोटेकोशी नदीमा आएको बाढीमा परेर हराइरहेका व्यक्तिको पहिचानका लागि नेपाल प्रहरीले डिअक्सिराइबोन्युक्लिक एसिड (डिएनए) परीक्षणको नमूना लिन नुवाकोटमा संकलन केन्द्र सञ्चालनमा ल्याएको छ ।




यसअघि नमूना दिन पीडित परिवारका सदस्य रसुवा र नुवाकोटबाट काठमाडौं जानुपर्ने बाध्यता रहेकामा बाढीप्रभावित क्षेत्रका पीडित परिवारलाई सहज बनाउन विदुरमा नमूना संकलन केन्द्र सञ्चालनमा ल्याइएको नेपाल प्रहरी अस्पतालमा कार्यरत प्रहरी नायब महानिरीक्षक डा. दामोदर पौडेलले जानकारी दिए । उनका अनुसार बाढी परेर दिवंगत भई फेला परेका शवको पहिचानमा समस्या भएकाले हराइरहेका व्यक्तिको परिवारका सदस्यसँग नमूना लिएर परीक्षणपश्चात् पहिचानमा सहयोग पुग्ने विश्वास लिइएको छ ।

'भोटेकोशीमा आएको बाढीमा परेर नुवाकोट र रसुवाका धेरै व्यक्ति हराएका भनेर निवेदन प्राप्त भएसँगै भेट्टिएका शवको पहिचानका लागि डिएनए परीक्षण गराउन परिवारका सदस्यसँग नमूना संकलन थालिएको छ,' प्रहरी नायब महानिरीक्षक डा. पौडेलले भने, 'डिएनएको नमूना दिन काठमाडौं जानुपर्ने बाध्यतालाई सरल बनाउन नेपाल प्रहरी अस्पताल महाराजगञ्जले विदुरमा संकलन केन्द्र सञ्चालनमा ल्याएको हो ।'

उनका अनुसार डिएनए परीक्षणका लागि अुबाआमा, दाजुभाइ, दिदीबहिनी तथा छोराछोरीमध्ये जोकोही एक जनासँग नमूना संकलन गरिएको छ । भेट्टिएका शवको डिएनएसँग तुलना गर्न सबैभन्दा नजिकका रगतसम्बन्धी आफन्तको नमूना बढी उपयोगी हुने भएकाले विशेषगरी बुबा, आमा, छोरा वा छोरीसँग नमूना लिनका लागि उनले आग्रह गरे । यो सम्भव नभएको अवस्थामा भने नजिकका रगतसम्बन्धी आफन्तबाट पहिचान गर्न सकिने डा. पौडेलले जानकारी दिए ।

बाढीमा हराइरहेका व्यक्तिको परिवारको तर्फबाट नमूना दिने व्यक्तिको दुईप्रति फोटोसहित परिचय खुल्ने सरकारी कागजात आवश्यक पर्ने छ भने बालबालिकाको हकमा जन्मदर्ता वा विद्यालयको परिचयपत्र भए हुने जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रमुख एवं प्रहरी उपरीक्षक विपिन रेग्मीले जानकारी दिए ।

उनका अनुसार भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीको कारण हराइरहेको भनेर नुवाकोटमा दुई हजार ५६४ निवेदन प्राप्त भएका छन् । त्यसमध्ये हालसम्म १९२ शव प्राप्त भएकामा १८ जनाकोमात्र सनाखत भएको प्रहरीले जनाएको छ । बाँकी सनाखत भएको अवस्थामा परिवारलाई उपलब्ध गराउने गरेर सोहीअनुसार व्यवस्थापन गरिएकाले शव पहिचानका लागि डिएनए परीक्षण प्रक्रियालाई तीव्रता दिइएको प्रहरी उपरीक्षक रेग्मीले बताए । *रासस*

# पहिरोको उच्च जोखिममा मुस्ताङको टुकुचे गाउँ

**मुस्ताङ–** कालीगण्डकी नदी कटानका कारण मुस्ताङको थासाङ गाउँपालिका-१ टुकुचे गाउँ पहिरोको उच्च जोखिममा परेको छ । शुक्रबार राति परेको आंशिक वर्षासँगै मुस्ताङको कालीगण्डकी नदीको सतह उच्च हुँदा टुकुचे गाउँ नदी कटान तथा पहिरोको उच्च जोखिममा परेको हो ।

थासाङ-१ टुकुचेमा योसँगै भदौमामात्रै चारपटकसम्म कालीगण्डकी नदी कटान भइसकेको छ । कालीगण्डकीको शाखा नदीमा पानीको बहाव उच्च हुँदा टुकुचे गाउँ संरक्षणका लागि लगाइएको तटबन्ध तथा ग्याविन वाल पनि भत्काएर नदीको धार गाउँतर्फ पुगेको थासाङ-१ का वडाध्यक्ष सुरेश थकालीले जानकारी दिए ।

उनका अनुसार शुक्रबार रातिको कालीगण्डकी नदीको बाढीले टुकुचे गाउँ नजिकै रहेको स्याउ झण्डारण गर्ने चिस्यान केन्द्र र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)द्वारा निर्मित फोहोर संकलन गर्ने पूर्वाधार डुबानमा परेका छन् ।

नदीले धार परिवर्तन गर्दा कालीगण्डकी तटमा लगाइएका करिब एक हजार स्याउ बोट नष्ट भइसकेका वडाध्यक्ष थकालीले जानकारी दिए । नदीले यही गतिमा धार परिवर्तन गर्दै गएमा टुकुचे गाउँको तल्लो बस्तीमा रहेका ३० घरसहित गाउँ नजिकैको गुम्बा र ऐतिहासिक सम्पदामा क्षति पुग्ने उनले उल्लेख गरे ।

वडाध्यक्ष थकालीका अनुसार भदौमामात्रै चार पटकसम्म नदीले धार परिवर्तन गरी कटान गरेको छ । खानेपानी, जलस्रोत तथा सिँचाइ सवडिभिजन कार्यालयद्वारा करोडौं खर्च गरेर निर्माण गरिएको वाल तथा तटबन्धमा बाढीले क्षति पुगेको छ । वडाध्यक्ष थकालीका अनुसार टुकुचे गाउँ र स्याउबारी संरक्षणका लागि पटक-पटक नदी नियन्त्रण गर्ने प्रयास भइरहेको भए पनि सफल हुन सकेको छैन ।

नदी नियन्त्रणका लागि स्थानीय जनश्रमदान र सरोकार भएका निकायले तारजालीको व्यवस्था गरी कटान रोक्ने प्रयास गरे पनि प्रभावकारी नभएको वडाध्यक्ष थकालीले बताए । टुकुचे बस्ती तथा स्याउबारीका संरचना जोगाउन थासाङ गाउँपालिका र गाउँलेले चार वटा डोजर परिचालन गरी नदी नियन्त्रण गर्ने निरन्तर पहल गरिरहेका छन् ।

बर्सेनि बर्खायामको समयमा लेदो र गेग्रानसहितको नदीजन्य पदार्थले नदी सतहको उकास बढ्दै जाँदा कालीगण्डकी नदीले धार परिवर्तन गर्ने गरेको वडाध्यक्ष थकालीले बताए । नदी कटान रोक्ने प्रयास गरिएकाले केही नियन्त्रण भएको उल्लेख गर्दै उनले कटान पूर्णरूपमा रोक्न स्थायी पूर्वाधार आवश्यक रहेकामा जोड दिए । *रासस*

# पाल्पाको ऐतिहासिक भगवती रथयात्रा मनाइयो

■ **दामोदर खनाल**

**पाल्पा–** संघीय राजधानी काठमाडौंपछि जात्रै जात्राको सहर भनेर चिनिने पाल्पाको तानसेनमा नेपाल-अंग्रेज युद्व विजय उत्सवका रूपमा मनाइने ऐतिहासिक भगवती जात्रा शनिबार हर्षोल्लासका साथ मनाइएको छ ।

नेपाली सेनाले अंग्रेजलाई युद्धमा हराएको सम्झनामा पाल्पामा वीरताको प्रतीकको रूपमा सिन्दूरजात्रा गरी भगवती रथयात्रा निकालिएको हो । यस वर्ष २०७औं भगवती रथयात्रा निकालिएको हो ।

पाल्पाली प्रशासकको रूपमा कर्णेल उजिरसिंह थापाको नेतृत्वमा नेपालले वि.सं. १८७१/७२ मा बुटवलको जितगढीमा भएको अंग्रेजसँगको युद्धमा विजय हासिल गरेको थियो । यही सम्झनामा वि.सं. १८७७ देखि निरन्तररूपमा प्रत्येक वर्ष पाल्पामा विजयउत्सव मनाउने परम्परा चल्दै आएको छ । यही परम्पराको रूपमा शनिबार २०७ औं भगवती रथयात्रा निकालिएको छ ।

यसपटक पनि भगवतीजात्राको अघिल्लो दिन रातभर जाग्राम बसी विधिपूर्वक राति लाखे मार्ने राँगो काटी पूजाआजा गरिएको थियो ।

घरेलु हातहतियार, सेनाको संख्या कम भएको अवस्थामासमेत बुटवल क्षेत्रलाई अंग्रेजको हातमा पर्न नदिन कर्णेल उजिरसिंहले युद्धमा विजयी भएमा मन्दिर बनाई सिन्दूरजात्रा गर्ने भाकल



गरेका थिए । दुईपटकसम्म बुटवल जितगढी क्षेत्रमा भएको युद्धमा विजयी भएपछि कर्णेल उजिरसिंहले १८७२ देखि १८७६ सम्म मन्दिर निर्माण गरी भगवतीजात्रा मनाउने प्रचलन थालेका हुन् । विजय उत्सव प्रत्येक वर्ष भाद्र कृष्ण नवमीको दिन भगवतीको जात्राको सञ्चालन हुँदै आएको भगवती गुठी व्यवस्थापन समिति पाल्पाका अध्यक्ष अशोकमान महर्जन बताए ।

हिन्दू धार्मिक आस्था अनुसार भगवतीलाई जगत जननी जगत्माता, अन्याय, अत्याचारलाई नाश गर्ने रणचण्डी कालिका महाशक्तिकी देवीका रूपमा आरधना गरिन्छ । यसै क्रममा यहाँ सबै तह र तप्काका मानिसहरू भेला भई सैनिकद्वारा भगवतीलाई सलामी अर्पण गरी भगवतीको रथलाई बाजागाजा, भजनकीर्तनसहित बजार परिक्रमा गराउने प्रचलन छ ।

यो जात्रालाई पश्चिम क्षेत्रकै ऐतिहासिक जात्राको रूपमा लिने गरिन्छ । अंग्रेज साम्राज्यवादको आक्रमणबाट मुलुकलाई जोगाउन जितगढी विजय गरेको इतिहास छ । रथयात्राका अवसरमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, नेपाली सेना मध्य पश्चिम पृतनाका पृतनापति हिम्मतबहादुर विष्ट, सहायक रथि मनोज बैदवार, प्रतिनिधिसभा सदस्य माधव थापासहित हजारौं भक्तजनहरूको सहभागिता रहेको थियो ।

यो जात्रा मनाउने क्रममा जिल्लाका सरकारी कार्यालयहरू, संघसंस्था, समूहहरू सबै रथयात्रासँगै सदरमुकाम तानसेन परिक्रमा गरेका थिए । रथ यात्रालाई भजनकीर्तन, पञ्चेबाचासहितको सांस्कृतिक झाँकी ऱ्यालीले तानसेन नगर परिक्रमा गराइएको थियो । जात्रामा सहभागिताका लागि रूपन्देही, गुल्मी, अर्घाखाँची, स्याङ्जा, पर्वत, काठमाडौंलगायतका जिल्लाबाट समेत श्रद्धालु भक्तजनहरू पाल्पा आएका थिए । शनिबार नै तानसेन अमरनारायण मन्दिरको अमरनारायण रथयात्रा पनि परेकाले अमरनारायणको रथ पनि बजार परिक्रमा गराइएको थियो ।

पाल्पामा जात्राहरूको आफ्नै ऐतिहासिक महत्त्व पाइन्छ । यहाँ गाईजात्रा, गणेशजात्रा, बागजात्रा, रोपाइँ, भीमसेनलगायतका जात्रा निकाल्ने प्रचलन छ । तथापि, सम्बन्धित निकायबाट जात्रा निकाल्नका लागि चाहिने आर्थिक, भौतिक र नैतिक सहयोग पहिलेको तुलनामा उपलब्ध हुन नसकेका समस्या हुन थालेको स्थानीयको गुनासो छ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ३०७४०० | प्रति तोला – ० | प्रति तोला – ४७६५ |



**खर्पनमा तरकारी** | भक्तपुरको टौमढीस्थित ऐतिहासिक पाँचतल्ले मन्दिरको अगाडि बिहानै खर्पनमा तरकारी बोकेर बिक्रीका लागि लैजाँदै गरेका स्थानीय किसान।
*तस्बिरः रासस*

# बाढीपीडितलाई आर्थिक सहयोग जुट्दै

■ प्रभाव संवाददाता

**कास्की–** पोखरा महानगरपालिका-७ मासबारस्थित मदरल्याण्ड सेकेण्डरी स्कुलका विद्यार्थी, शिक्षक, कर्मचारी तथा विद्यालयले भोटेकोशी बाढी प्रभावितका लागि रु आठ लाख १५ हजार ५५५ सहयोग गरेका छन्। बाढीपीडितको उद्धार तथा राहतका लागि 'काइन्डनेस क्लब मदरल्याण्ड'को सक्रियतामा उक्त रकम संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको विद्यालयका प्राचार्य डा. नारायण बरालले जानकारी दिए।

सामाजिक उत्तरदायित्वअन्तर्गत विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम संकलन गरिएको उनले बताए। बरालले भने, 'प्राकृतिक विपत्तिको यस कठिन घडीमा प्रभावित नागरिकको उद्धार तथा राहतका लागि आफ्नो ठाउँबाट सहयोग गर्नु सबैको सामाजिक दायित्व हो। विद्यार्थी, शिक्षक, कर्मचारी र विद्यालय परिवारको सानो प्रयासले पनि पीडितलाई केही राहत पुग्ने विश्वासका साथ हामीले यो सहयोग रकम जुटाएर जम्मा गरेका छौं।'

बझाङको मष्टा गाउँपालिकाले बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको उद्धार, उपचार, राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु २२ लाख ४६ हजार १७९ जम्मा गरेको छ।

विपद्का कारण भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावित परिवारलाई सहयोग गर्ने उद्देश्यले उक्त रकम कोषमा सहयोग गरेको गाउँपालिका अध्यक्ष ज्ञानबहादुर बोहराले जानकारी दिए। गाउँपालिकाको निर्णयअनुसार जनप्रतिनिधि, कर्मचारी, विद्यालयका शिक्षक तथा कर्मचारी र गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रकम सहयोग गरिएको हो।

निर्माण व्यवसायी संघ तनहुँले रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीबाट प्रभावित पीडितहरूको राहत तथा उद्धारका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु एक लाख एक हजार सहयोग गरेको छ।

राष्ट्रिय विपद्को कठिन घडीमा पीडितको पीडामा साथ दिने सामाजिक उत्तरदायित्वस्वरूप सहयोग रकम प्रदान गरिएको सङ्घका कोषाध्यक्ष सुरेश घिमिरेले जानकारी दिए। त्यस्तै रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको राहत तथा पुनर्स्थापनाका लागि तनहुँकी एक बालिकाले अनुकरणीय सहयोग गरेकी छन्। व्यास नगरपालिका-१२, छाब्दीस्थित छाब्दी बाराही आधारभूत विद्यालयमा कक्षा ५ मा अध्ययनरत छात्रा कृति आलेले आफ्नो खुत्रुकेमा जम्मा भएको रु १० हजार ७०० बाढीपीडितको सहयोगका लागि प्रदान गरेकी छिन्।

कृतिको यो सहयोग रकमका हिसाबले सानो देखिएपनि भावना र मानवीय संवेदनाका दृष्टिले निकै ठूलो रहेको विद्यालयले जनाएको छ।

# 'निजी क्षेत्रको लगानीमार्फत सुदूरपश्चिमलाई समृद्ध बनाऔं'

■ प्रभाव संवाददाता



**सुदूरपश्चिम–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले प्रदेश सरकारको स्पष्ट नीति र निजी क्षेत्रको लगानीमार्फत सुदूरपश्चिमलाई समृद्ध प्रदेशका रूपमा विकास गर्नुपर्ने बताएका छन्।

शनिबार आयोजित निजी क्षेत्र र प्रदेश सरकारबीच बजेटसम्बन्धी अन्तरक्रिया कार्यक्रममा उनले औद्योगिक क्षेत्रको विकास र रोजगारी सिर्जनालाई प्रदेश सरकारले आगामी बजेटमा प्राथमिकतासाथ सम्बोधन गर्ने बताएका हुन्।

मुख्यमन्त्री भट्टले प्रदेशको 'रातो किताब' रकम वितरण गर्ने पुलिन्दा नभई प्रदेशको समृद्धिको मार्गचित्र बन्नुपर्ने धारणा व्यक्त गरे। 'बजेटले प्रदेशको आवश्यकता, सम्भावटना र जनताको अपेक्षालाई सम्बोधन गर्न सक्नुपर्छ। त्यसका लागि यसपटकको बजेटमा हाम्रो प्रयास रहन्छ', उनले भने।

मुख्यमन्त्री भट्टले सुशासनमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै प्रदेशमा रहेका बेथिति र अनियमितता नियन्त्रण गर्न सरकार निर्मम भएर अघि बढ्ने बताए। बेथितिका विषयमा कुनै पनि सम्झौता नगर्ने स्पष्ट गर्दै उनले सुदूरपश्चिमको विकास र रूपान्तरणका लागि पनि सबै पक्ष गम्भीर भएर एकताबद्ध रूपमा अघि बढ्नुपर्नेमा जोड दिए।

निजी क्षेत्रले भोग्दै आएका समस्या समाधानका लागि प्रदेश सरकारले आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दै मुख्यमन्त्री भट्टले प्रदेशको आर्थिक विकास र समृद्धिमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे। प्रदेश निर्माणको अभियानमा सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको उनको भनाइ थियो।

अन्तरक्रियामा निजी क्षेत्रका व्यवसायीले सुदूरपश्चिममा रहेका सम्भावना तथा आफूहरूले भोग्दै आएका समस्या र चुनौतीबारे धारणा राखेका थिए। उनीहरूले कृषि, उद्योग तथा पर्यटन क्षेत्रको विकासका लागि प्रदेश सरकारले नीतिगत सहजीकरण गर्दै लगानीमैत्री वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएका थिए।

उक्त अवसरमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री प्रकाश रावल, आर्थिक मामिलामन्त्री चक्रबहादुर मल्ल, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गोकर्णप्रकाश भट्टलगायतको सहभागिता थियो।

# सिमकोटमा विद्युत् आपूर्ति बन्द

■ प्रभाव संवाददाता

**हुम्ला–** जिल्ला सदरमुकाम सिमकोटमा अनिश्चितकालका लागि विद्युत् सेवा अवरुद्ध हुँदा सर्वसाधारणको दैनिक जनजीवन प्रभावित भएको छ। नेपाल विद्युत् प्राधिकरणको हिल्दुम वितरण केन्द्रअन्तर्गत पावर हाउसमा समस्या भएपछि भदौ १६ गतेदेखि विद्युत् आपूर्ति बन्द भएको हो।

वितरण केन्द्रका सूचना अधिकारी कृष्णप्रसाद वलीका अनुसार पावर हाउसमा सञ्चालनमा रहेको युनिट-९ को कन्ट्रोलमा समस्या देखिएपछि विद्युत् सेवा अवरुद्ध भएको बताए। उनका अनुसार हुम्लामा उपलब्ध प्राविधिक जनशक्तिबाट तत्काल समस्या समाधान गर्न नसकिने भएकाले आवश्यक सामग्री र थप प्राविधिक जनशक्ति आएपछि मात्र मर्मत सम्भव हुने बताए। सामग्री र प्राविधिकको लागि खबर गरिसकेको भए पनि अहिलेसम्म आइ नपुगेकाले कहिलेसम्म मर्मत हुन्छ भन्ने कुरा यकिन नभएको बताए। उनले अर्को सूचना जारी नभएसम्म विद्युत् सेवा अवरुद्ध रहने सार्वजनिक सूचना जारी गरेको सुनाए।

विद्युत् सेवा बन्द हुँदा सरकारी तथा गैरसरकारी कार्यालय, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्था, सञ्चारमाध्यम, व्यवसायी तथा सर्वसाधारण प्रभावित भएका छन्। केही सरकारी कार्यालयमा सोलार प्रणाली जडान भएकाले काम सञ्चालनमा केही सहज भए पनि सर्वसाधारण भने बढी प्रभावित भएका छन्। विशेषगरी विद्यार्थी र कोठा भाडामा बस्दै आएका नागरिकले विद्युत् अभावको बढी समस्या भोगिरहेका छन्। मोबाइल चार्ज गर्न, इन्टरनेट चलाउन, अध्ययन गर्न तथा विद्युतीय उपकरण सञ्चालन गर्न समस्या भएको छ।

लामो समयसम्म विद्युत् अवरुद्ध हुँदा दैनिक कामकाज नै प्रभावित हुन थालेपछि स्थानीयले तत्काल वैकल्पिक व्यवस्था गरी विद्युत् आपूर्ति सञ्चालनमा ल्याउन माग गरेका छन्।

# रुद्राक्ष खेतीमा रम्दै पृथीमान

**इलाम–** माङसेबुङ गाउँपालिका-२ काब्राबोटेका किसान पृथीमान जवेगूले परम्परागत खेतीको विकल्पमा रुद्राक्षलाई आम्दानीको स्रोत बनाउँदै आएका छन्। उनले १० वर्षदेखि रुद्राक्षखेती गर्दै आएका हुन्। खेतीयोग्य जमिनमा रुद्राक्ष रोप्नुभएका जवेगूले अहिले वार्षिक रु दुई लाख आम्दानी गर्दै आएका छन्।

उनले १८ रोपनी क्षेत्रमा ३०० वटा रुद्राक्षका बोट रोपेका छन्। विसं २०७३ मा संखुवासभाबाट प्रतिगोटा रु २०० का दरले बिरुवा खरिद गरेर रुद्राक्ष रोपेको किसान जवेगूले बताए। चार वर्षपछि सबै बोटले उत्पादन दिन थालेका उनले बताए। 'संखुवासभाको कुस्वाबेँसीबाट प्रतिगोटा रु २०० का दरले ३०० वटा रुद्राक्षको बिरुवा ल्याएर खेतीयोग्य बारीमा रोपेको हुँ', उनले भने, 'चार वर्षपछि उत्पादन सुरु भयो। विसं २०७७ देखि बर्सेनि रु दुई लाख कमाइ भइरहेको छ।'

रुद्राक्षलाई अन्य बालीजस्तो धेरै मेहनत गरिरहन नपर्ने भएकाले आम्दानी सबै बचत हुने जवेगूले जानकारी दिए। सुरुमा बिरुवा किन्न, खाडल निर्माण, मल तथा सिँचाइ व्यवस्थापनमा खर्च भए पनि बोट हुर्केपछि कुनै खर्च नहुने उनले बताए। अन्य अन्नबाली बर्सेनि लगानी र श्रम गर्नुपर्ने तर रुद्राक्ष एकपटक लगाएपछि लामो समयसम्म आम्दानी लिन सकिने उनको भनाइ छ।

किसान जवेगूले उत्पादित रुद्राक्ष बिक्रीका लागि बजार समस्या नरहेको बताए। संखुवासभाका व्यापारीले बोटबाट वार्षिक रु दुई लाख दिने शर्तमा ठेक्का सम्झौता गरी लैजाने गरेका उनले सुनाए। 'रुद्राक्ष बिक्रीका लागि मैले केही गर्न पर्दैन। उत्पादन भएपछि उहाँहरू आउनुहुन्छ। दाना आफैँ हेर्नुहुन्छ। आवश्यक पर्नेजति छानेर लैजानुहुन्छ', उनले भने, 'ठेक्का सम्झौता अनुसार मूल्य दिने गर्नुभएको छ।'

विगतमा परम्परागत रूपमा मकै, कोदोलगायत अन्नबाली खेती गर्दै आउनुभएका जवेगूले रुद्राक्षबाट कम मेहनतमा तुलनात्मक रूपमा बढी आम्दानी लिन सकिने बताए। अहिले रुद्राक्षबाट हुने आम्दानीले उनको घरखर्चमा प्रत्यक्ष सहयोग पुगेको छ। 'पहिले कडा मेहनत गर्दा समेत अन्नबालीबाट घरखर्च चलाउन मुस्किल पर्दथ्यो', उनले भने, 'अहिले बर्सेनि नियमित आम्दानी भइरहेको छ, यसले जीविकोपार्जन सहज भएको छ।'

रुद्राक्षखेतीबाट नियमित आम्दानी हुन थालेपछि किसान जवेगूले आगामी दिनमा रुद्राक्षको खेती विस्तार गर्ने योजनामा रहेको बताए। आगामी वर्ष नयाँ जमिनमा रुद्राक्ष रोप्ने योजना बनाएको बताउँदै गाउँका अन्य किसानलाई पनि रुद्राक्ष खेतीबारे जानकारी र सल्लाह दिने गरेको उनले उल्लेख गरे।

माङसेबुङमा पहिलोपटक जवेगूले व्यावसायिक रूपमा रुद्राक्षखेती सुरु गरेपछि अन्य किसानले पनि परीक्षणका लागि थोरै क्षेत्रमा रुद्राक्ष रोप्न थालेका छन्। स्थानीयस्तरमा प्राविधिक सहयोग, गुणस्तरीय बिरुवा र बजार व्यवस्थापनमा ध्यान दिन सके रुद्राक्षखेतीलाई व्यावसायिक रूप दिन सकिने जवेगूको भनाइ छ। 'रुद्राक्षबाट गुणस्तरीय र दुर्लभ दाना उत्पादन भए एकैपटक ठूलो रकम प्राप्त गर्न सकिन्छ। सबै दानाको मूल्य एउटै हुँदैन। स्पष्ट मुख देखिने, राम्रो आकार भएका र आकर्षक बनोटका दानाले बजारमा बढी मूल्य पाउछन्', उनले भने।

रुद्राक्षका दानामा देखिने प्राकृतिक धर्सा वा रेखाका आधारमा यसको 'मुख' निर्धारण गरिन्छ। रुद्राक्षको दानाको मूल्य मुखअनुसार फरकफरक निर्धारण हुने किसान जवेगूले जानकारी दिए। उनका अनुसार सामान्यतया आठदेखि २९ मुखेसम्मका दानालाई 'मुखदार' रुद्राक्ष मानिन्छ। 'व्यापारीका अनुसार रुद्राक्षको मुखको संख्या जति धेरै हुन्छ, त्यति दुर्लभ र मूल्यवान मानिने भएकाले यसक बजार सोहीअनुसार उच्च हुने गर्दछ', उनले भने।

रुद्राक्षका दाना धार्मिक तथा सांस्कृतिक प्रयोजनक साथै माला, गहना र विभिन्न सामग्री बनाउन प्रयोग हुने भएकाले बजारमा यसको माग बढिरहेको जवेगूको बुझाइ छ। धार्मिक तथा आध्यात्मिक महत्वका कारण रुद्राक्षको माग स्वदेशमा मात्र नभई विदेशमा उच्च रहेको व्यावसायीहरू बताउँछन्।

रुद्राक्ष समुद्री सतहबाट करिब एक हजार ८०० मिटरको उचाइमा खेती गर्न सकिने विज्ञहरूको भनाइ छ। यसका लागि मट्याइलो, पारिलो र घमाइलो जग्गा उपयुक्त मानिन्छ। यसको बिरुवा वर्षायामअर्थात् असारदेखि असोजसम्म १० मिटरको फरक पारेर रोप्नु उपयुक्त मानिन्छ। तराईदेखि मध्य पहाडी क्षेत्रमा खेती गर्न सकिने यो नगदेवृक्ष फल दिन थालेपछि पचासौं वर्षसम्म फल दिइरहन्छ। *रासस*

# म्याग्दीका ७०० घरमा विद्युत् सुविधाको पहुँच

**म्याग्दी (प्रस)–** म्याग्दीमा पछिल्लो एक वर्षको अवधिमा सात सय घरपरिवारमा केन्द्रीय प्रशारण लाइनको विद्युत सुविधा विस्तार भएको छ।

नेपाल बिद्युत प्राधिकरण म्याग्दी बितरण केन्द्रले आर्थिक वर्ष २०८२/ ०८३ मा जिल्लाका विभिन्न ठाउँमा सात सय उपभोक्ता थपिएका जनाएको छ। केन्द्रका प्रमुख सत्यनारायण गामीले एक वर्षयता धवलागिरि गाउँपालिकाको मल्कवाङ, खोरिया, लमसुङ, फलियागाउँ, मालिकाको महभिरमा विद्युत सुविधा विस्तार भएको जानकारी दिए।

मल्कवाङका एक सय १०, खोरियामा ६०, लमसुङमा २५, महभिरमा एक सय २० र फलीयागाउँमा एक सय ५० वटा विद्युतको मिटर जडान भएको उनले जानकारी दिए। 'धवलागिरीको लुलाङ र रघुगंगाको चिमखोलामा केन्द्रिय लाइन पुगेपनि लघुजलविद्युत परियोजनाको विद्युत उपभोग गरिरहेका उपभोक्ता मिटर लिन आएका छैनन्,' उनले भने, 'फलियागाउँमा यसअघिनै विद्युतीकरण भएपनि लघुजलविद्युत परियोजना बन्द भएपछि उपभोक्ताले मिटर लगेका छन्।'

केन्द्रका प्रमुख गामीका अनुसार धवलागिरिको खिबाङ, मालिका गाउँपालिकाको पन्थोक, जुग्जा, सिस्नेरी, खवाङ, अन्नपूर्ण गाउँपालिकाको पर्यटकीय स्थल मोहरेडाडा, फुलवारी र डाडाखर्कमा केन्द्रिय लाइन विस्तारको तयारी भएको छ। उज्यालोका लागि सोलार, मट्टितेलको टुकी, दियालो र सि√ामा निर्भर स्थानीयबासीमा विजुली बलेपछि खुसीयाली छाएको धवलागिरी गाउँपालिका-५ का वडा अध्यक्ष अमर छन्त्यालले बताए।

घरायसी काम, बिद्यार्थीलाई अध्ययन गर्न सहज हुनुका साथै उद्यम ब्यवसाय सञ्चालन गर्ने अवसर सिर्जना भएको छ। पछिल्लो वर्ष थपिएका सहित म्याग्दी बितरण केन्द्र अन्तरगत २४ हजार चार सय ९० विद्युतका ग्राहक पुगेका केन्द्रका सूचना अधिकारी प्रकाश झाले बताए। आर्थिक वर्ष २०८१/८२ मा आठ सय ७४, आर्थिक वर्ष २०८०/०८१ मा एक हजार चार सय ३८, २०७९/०८० मा एक हजार दुई सय ३८, २०७८/७९ मा सात सय ७० घरधुरीमा नयाँ लाईन जडान भएको प्राधिकरणको तथ्यांक छ।

पर्वतको जलजला गाउँपालिकाको मल्लाज, वारीबेनी क्षेत्रमा पनि म्याग्दी बितरण केन्द्र अन्तरगतको मिलनचोक सबस्टेशन मार्फत बिद्युत वितरण हुँदै आएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ